


ग्राहक प्रति

लोकप्रिय राष्ट्रिय दैनिक

# राजधानी

www.rajdhanidaily.com

वर्ष २२, अंक १०३ | बिहीबार ३० भदौ २०७९, नेपाल संवत् ११४२ | RAJDHANI Nepali National Daily | Thursday 15 September 2022 | पृष्ठ : ८ | मूल्य रु. ५/-




धराप सडक

## काठमाडौंका सडकभरि खाल्टाखुल्टी

टेनिस रोका/राजधानी
काठमाडौं

काठमाडौं उपत्यका सडकको खाल्टाखुल्टीले गर्दा दुर्घटना हुने गरेको छ दैनिक घण्टा ट्राफिस जाम हुने गरेको छ। तथापि न त सडक विभागको ध्यान गएको न त काठमाडौं महानगरपालिकाले नै यसमा चासो व्यक्त गरेको छ। भित्री सडक अवस्था त नाजुक नै छ। मुख्य सडक पनि खाल्टाखुल्टीका कारण धराप बन्दै गएका छन्। काठमाडौंको चक्रपथ, चक्रपथदेखि भित्र छिर्ने सडक, नदी कोरिडोरका सडकका साथै भित्री सडकमा समेत बर्षाका कारण खाल्टाखुल्टी बढेर गएको छ।

गुणस्तरहीन सडक निर्माण र समयमा मर्मतसम्भार नहुँदा काठमाडौंका सडकभरि खाल्टाखुल्टी र भ्वाङ परेको छ। हरेक वर्ष वर्षाको पानी पर्ना साथ सडकमा खाल्टाखुल्टी हुने गरे पनि यसमा सम्बन्धित निकायले चासो नदेखाउने गरेको भन्दै बानेश्वर निवासी गोपाल शर्माले दुःखेसो पोखे। समयमा खाल्टाखुल्टी नपुर्दा स्थानीय र सडक यात्रुले सास्ती भोग्नुपरेको छ। कतिपय दुर्घटनाको सिकारसमेत बन्ने गरेका छन्। सडकको अवस्था सुधार गर्ने विषयमा भने कसैको पनि चासो देखिँदैन। यातायातको साधानमा वृद्धि भएको भयै छ तर सडकको अवस्था भने झन् नाजुक बन्दै गएको छ। स्थानीय सरकारको मातहतमा रहेको खडकको अवस्था झन् डरलाग्दो छ।

'संघीय राजधानीभित्र नै बाटो हिलाम्मे छ। व्यवस्थित ढल निकास नहुँदा ढल फुटेको फोहोर बगेको छ। महिनौंसम्म पनि त्यो ढलको व्यवस्थापन गरिँदैन। यो अवस्था कहिलेसम्म भोग्ने ?' चाबहिलकी एक महिना गुनासो गर्दै थिइन्।

विज्ञका अनुसार गुणस्तरहीन सडक निर्माणका कारणले नै गर्दा वर्षाको पानीले पनि सडक भत्काउने तथा खाल्टा बनाउने गरेको छ। केही वर्षअघि चिनियाँ सरकारले बनाएको कोटेश्वर कलंकीसम्मको चक्रपथ सडकको अवस्था हेर्न लायक नै छ। त्यसभन्दा अन्यत्रको सडकको अवस्था नाजुक देखिन्छ। कोरिडोरका बाटामा पुलमुनि पानी जमेर यातायात अवरुद्ध हुने गर्दछ।

कलंकीदेखि चक्रपथसम्म विस्तारका लागि साइट क्लिअर गरिएको सडकखण्डमा खाल्टाखुल्टी र सडक भत्किएकै कारण हिँडिसाध्य नभएको स्थानीय सर्वसाधारण गुनासो गर्छन्। त्यहाँदेखि कोटेश्वरसम्मको चक्रपथ खण्डमा पनि खाल्टाखुल्टीका कारण सडकमा हिडिँसाध्य रहेको छैन।


**चावहिलको धोविखोला करिडोरको व्यस्त सडकमा देखिएको खाल्डो।**
तस्बिर : द्वारिका काफ्ले/राजधानी


**मर्मतसम्भारअन्तर्गत हामीले यो समयमा वर्षाका कारण गर्न सक्दैनौं, ढल र वर्षाको पानीले पनि सडक बिगार्ने हुँदा केही खाल्टाखुल्टी देखिने गरेको छ, अब नियमित मर्मतसम्भारअन्तर्गत खाल्टाखुल्टी पुर्ने काम हुन्छ**

**भीमार्जुन अधिकारी, प्रवक्ता**
सडक विभाग

बाँकी पृष्ठ २ मा

सर्वोच्चको फुलकोर्टको निर्णय

## महाअभियोग सिफारिस समितिमा उपस्थिति नहुने

राजधानी समाचारदाता
काठमाडौं

सर्वोच्च अदालतका बहालवाला तीन न्यायाधीश महाअभियोग सिफारिस समितिले बोलाएको छलफलमा उपस्थित नहुने भएका छन्।

निलम्बित प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबराका लागि गठन भएको महाअभियोग सिफारिस समितिले सर्वोच्चका न्यायाधीशलाई छलफलमा बोलाएपछि सर्वोच्चको फुलकोर्ट बैठकले नजाने निर्णय गरेको हो।

निलम्बित प्रधानन्यायाधीश राणाले कामु प्रधानन्यायाधीश दीपककुमार कार्की, न्यायाधीश हरिकृष्ण कार्की र प्रकाशमान सिंह राउतको नाम मुछेपछि समितिले तीनै जनालाई छलफलमा बोलाएको थियो।

समितिले बोलाएपछि छलफलका लागि कामु प्रधानन्यायाधीश दीपककुमार कार्कीले फुलकोर्ट बैठक बोलाएका थिए।

समितिले न्यायाधीशहरूलाई बिहान साढे ८ बजे बोलाएको थियो। 'महाभियोगसम्बन्धी कारबाही प्रक्रियाका सन्दर्भमा यस अदालतका न्यायाधीशले उपरोक्त लेखी आएअनुसार महाभियोग सिफारिस समितिमा उपस्थित हुनु र निजसँग सोधपुछ, सवाल-जवाफ गरिनु स्वतन्त्र न्यायपालिका, शक्ति पृथकीकरणको सिद्धान्त र नेपालको संविधानले अंगीकार गरेका मान्यतासमेत कुनै पनि दृष्टिले संविधानसम्मत, उचित र शोभनीय नहुने हुँदा प्राप्त हुन आएको पत्रानुसार कोही पनि न्यायाधीश उपस्थित हुन नमिल्ने भएकाले सोही बेहोराको जानकारी महाभियोग सिफारिस समितिमा तत्काल लेखी पठाइदिने' फुलकोर्टको निर्णयमा भनिएको छ। समितिले बुधबार राणाले नाम लिएका व्यक्तिहरूलाई बोलाउनुपर्ने भएको भनी पत्र लेखेको थियो।

### के थियो प्रधानन्यायाधीश जबराले न्यायाधीशहरूलाई लगाएको आरोप

प्रधानन्यायाधीश राणाले कामु प्रधानन्यायाधीश दीपक कार्कीलाई मतियार भनी आरोप लगाएका थिए। प्रधानन्यायाधीश बन्ने उनको चरम महत्त्वाकांक्षालाई गठबन्धनले आफ्नो पक्षमा प्रयोग गरेको गम्भीर आरोप लगाएका थिए।

यसबाहेक भवन निर्माणमा भ्रष्टाचारको आरोप पनि आफ्नो बहिर्गमनका लागि कार्कीले नै उपयोग गरेको अस्त्र रहेको जबराको बयान छ। बयानमा उनले आफू पूर्ण कार्यकाल प्रधानन्यायाधीश हुँदा कार्की खान नपाउने भएकाले आफूविरुद्ध लागेको बताएका थिए।

सर्वोच्च अदालतको प्रधानन्यायाधीशको रोलक्रममा रहेका न्यायाधीशहरूमाथि पनि प्रधानन्यायाधीश जबराले आरोप लगाएका थिए। जसमा हरिकृष्ण कार्कीलाई दोहोरो चरित्रको र संविधानविपरीत न्यायपरिषद्को बैठकमा बसेको पात्रका रूपमा टिप्पणी गरेका थिए। साथै राणाले न्यायाधीश हरिकृष्ण कार्कीले आफू केपी शर्मा ओलीको महान्यायाधिवक्ता भएकाले मुद्दा हेर्न नमिल्ने बताए पनि स्वार्थ गासिएको मुद्दामा आफूखुसी मुद्दा हेरेको आरोप लगाएका थिए।

अर्का प्रधानन्यायाधीशको रोलक्रममा रहेका प्रकाशमानसिंह रावतको चरित्र अनैतिक रहेको र श्रीमतीलाई जबरजस्ती डिभोर्स गर्न बाध्य पारेको टिप्पणी गरेका थिए। उनी भट्टीमा रक्सी खाएर अनियन्त्रित हुने तथा ड्राइभर र पीएसओले बोकेर घर पुऱ्याउनुपर्ने अवस्थाको रहेको बताएका थिए।





**३६ खेलको खेलस्थल सार्वजनिक**

पृष्ठ ८

निर्वाचन आचारसंहितामा दलको विरोध

## प्रधानमन्त्री र मन्त्रीलाई प्रचारप्रसारमा खुकुलो बनाइँदै

राजधानी समाचारदाता
काठमाडौं

निर्वाचन आयोगले प्रधानमन्त्री र सरकारका मन्त्रीलाई निर्वाचनको प्रचारप्रसारमा सहजता हुनेगरी निर्वाचन आचारसंहिता २०७९ मा लचक हुने संकेत गरेको छ।

आयोगले १३ भाद्रमा सार्वजनिक गरेको निर्वाचन आचारसंहिता २०७९ मा सरकारका मन्त्री तथा स्थानीय तहका जनप्रतिनिधिलाई निर्वाचन प्रचारप्रसारमा आफ्नो क्षेत्रबाहेक अन्यत्र जान रोक लगाएको थियो।

तर, राजनीतिक दलको तीव्र विरोध र असन्तुष्टिपछि आयोग सो निर्णमा लचकता देखिएको हो। आयोगले बुधबार १२ राजनीतिक दलहरूलाई बोलाएर आगामी ४ मंसिरमा हुने निर्वाचनबारे छलफल गरेपछि आयोगले पूर्वनिर्णयमा केही लचक हुने संकेत दलहरूलाई दिएको हो।

'दलहरूले निर्वाचन आचारसंहितासहितका विषयमा आआफ्नो धारणा राखेका छन्, आचारसंहिताका विषयमा अलि खुकुलो व्यवस्था गरिदिनुपर्‍यो भन्ने गुनासो दलबाट आयो, त्यसमा आयोग सकारात्मक छ भनेका छौं,' आयोग स्रोतले राजधानीसँग भन्यो।

नेपाली कांग्रेसका सचिव केशव रिजालले आयोगले प्रधानमन्त्री, मन्त्री र स्थानीय तहका जनप्रतिनिधि अर्को निर्वाचन क्षेत्रमा चुनाव प्रचारप्रसार गर्न नपाउनेगरी आचारसंहिता प्रकाशन गरेकोमा प्रधानमन्त्री र मन्त्रीलाई प्रचारप्रसारमा नरोक्नेगरी सहज वातावरण बनाउन सकारात्मक भएको जानकारी दिए।

आयोगले डाकेको बैठकमा दलकातर्फबाट सहभागी नेताले संसदीय व्यवस्थाविपरीत र लोकतन्त्रको मूल्य मान्यताविपरीत आयोगले आचारसंहिता बनाएको भन्दै त्यस्तो प्रावधान संशोधन गर्नुपर्ने धारणा राखेका थिए।

आयोगले निर्वाचनलाई स्वच्छ, निष्पक्ष, पारदर्शी र भयमुक्त बनाउन भन्दै सार्वजनिक गरेको प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन लक्षित आचारसंहिता १३ भदौमा नेपाल राजपत्रमा प्रकाशित भएको थियो।

आचारसंहितामा सरकारका कुनै पनि मन्त्री तथा स्थानीय तहका जनप्रतिनिधि राजनीतिक दलको मुख्य प्रचारक भई प्रचारप्रसारमा सहभागी हुन नपाउनेगरी आयोगले व्यवस्था गरेको थियो। आचारसंहितमा आयोगले नेपाल सरकार, प्रदेश सरकारमन्त्री र स्थानीय कार्यपालिका र कार्यपालिका पदाधिकारीले पालना गर्नुपर्ने आठवटा आचरण तोकेको छ।

बाँकी पृष्ठ २ मा








### राष्ट्रपति भण्डारीसँग अध्यक्ष लीको भेटवार्ता

# तातोपानी र केरुङ नाका तत्काल खोल्ने लीको दाबी

**राजधानी समाचारदाता**
काठमाडौं



राष्ट्रपति विद्यादेवी भण्डारीसँग बुधबार जनवादी गणतन्त्र चीनको राष्ट्रिय जनकंग्रेस, स्थायी समितिका अध्यक्ष ली चान्सुले शिष्टाचार भेटवार्ता गरेका छन् । राष्ट्रपतिको कार्यालयमा बुधबार अपराह्न भएको प्रतिनिधि मण्डलस्तरीय भेटवार्तामा उनीहरूबीच द्विपक्षीय आपसी हितका विविध विषयमा कुराकानी भएको राष्ट्रपति कार्यालयले जनाएको छ । राष्ट्रपति भण्डारीले नेपाल र चीनबीच भएको सम्झौताहरू कार्यान्वयनमा लानका लागि आग्रहसमेत गरेकी थिइन् । राष्ट्रपति भण्डारीले ऐतिहासिक कालदेखि नै नेपाल र चीन असल छिमेकी रहेको र यस प्रकारको उच्च तहको भ्रमणले दुई देशबीच रहिआएको बहुआयामिक सम्बन्धलाई अझ सुदृढ तुल्याउन मद्दत पुर्‍याउने विश्वास व्यक्त गरेकी थिइन् । साथै, सो अवसरमा राष्ट्रपति भण्डारीले एक चीन नीतिमा नेपाल अडिग रहेकोमा विश्वस्त पारेकी थिइन् । बुधबार दिउँसो ४ बजेदेखि एक घण्टाको भेटवार्ताका क्रममा अध्यक्ष लीले नेपालतर्फका केरुङ र तातोपानी नाकाहरू तत्काल सञ्चालन हुने प्रतिबद्धता व्यक्त गरेका थिए । यी दुई नाका बन्द भएका कारण नेपाली व्यापारीहरू मारमा पर्दै आएका छन् । अध्यक्ष लीले दुई नाका सञ्चालनका लागि उपप्रधानमन्त्री र यो क्षेत्रका क्षेत्रीय व्यापार हेर्नेसँग कुराकानी भइसकेको बताएका थिए । सो विषयमा राजदूत होउ यान्छीले नेपाल सरकारलाई जानकारी दिने उनले राष्ट्रपति समक्ष बताए ।

अध्यक्ष लीले यसअघि सन् २०१९ अक्टोबरमा चिनियाँ राष्ट्रपति सी जिनपिङको नेपाल भ्रमणका क्रममा भएका सहमति सम्झौता कार्यान्वयन गर्ने आफ्नो लक्ष्य रहेको समेत उनले बताए । लीले नेपालको संविधान दिवसका अवसरमा शुभकामनासमेत दिए ।

बुधबार बिहान नै नेता ली नेतृत्वको प्रतिनिधि मण्डलले भक्तपुर दरबार क्षेत्रमा भूकम्पपछिको पुनः निर्माण परियोजनाको अवलोकन र निरीक्षण तथा स्थानीय कला संस्कृतिको अवलोकन गरेको थियो । नेपाल उत्रनेबित्तिकै सोमबार सभामुख सापकोटा र अध्यक्ष लीले संसद् भवन नयाँ बानेश्वरमा संसदीय प्रतिनिधि मण्डलस्तरीय द्विपक्षीय वार्ता गरी सहयोगसम्बन्धी छ बुँदे सम्झौतापत्रमा हस्ताक्षर गरेका थिए ।

मंगलबार अपराह्न उनले प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेका थिए । मंगलबार नै अध्यक्ष ली र राष्ट्रिय सभाका अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाबीच शिष्टाचार भेटवार्ता भएको थियो । सो अवसरमा नेपाल-चीन सम्बन्धका विभिन्न विषयमा अन्तरसंसदीय आदानप्रदान र सहकार्यका विषयमा छलफल भएको थियो । मंगलबार नै प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले)का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र नेकपा (माओवादी केन्द्र) का अध्यक्ष एवं पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँग अध्यक्ष लीले संसद् भवन नयाँ बानेश्वरमा शिष्टाचार भेटवार्ता गरे । मंगलबार नै दिउँसो परराष्ट्रमन्त्री डा नारायण खड्काको अध्यक्ष लीसँग शिष्टाचार भेटवार्ता भयो । अध्यक्ष ली नेतृत्वमा छ जना चिनियाँ उच्च अधिकारी, सुरक्षाकर्मी, सञ्चारकर्मीसहित ६७ सदस्यीय प्रतिनिधि मण्डल रहेको छ ।

# २०७४ को समानुपातिक बन्द सूची निष्क्रिय बनाइँदै

### यसअघिका उम्मेदवार दोहोरिन पाउने

**राजधानी समाचारदाता**
काठमाडौं

निर्वाचन आयोगले २०७४ सालको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा आयोगमा पेस भएको समानुपातिक निर्वाचन प्रणालीतर्फको बन्द सूची निष्क्रिय बनाउन राजनीतिक दलको साथ पाएको छ ।

आयोगले राजनीतिक दलको सहमति पछि २०७४ सालमा सम्पन्न प्रदेश र प्रतिनिधिसभा निर्वाचनमा समानुपातिक निर्वाचन प्रणालीतर्फ उम्मेदवार बनेकाहरूको बन्द सूची निष्क्रिय पारेर उनीहरूलाई आगामी निर्वाचनमा फेरि बन्द सूचीमा समावेश हुने बाटो खुला गर्ने भएको हो । त्यसका लागि आयोगले प्रतिनिधिसभा निर्वाचन ऐनमा उल्लेख दफा ७६ को सहयोग दिनेछ ।

आयोगका प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले बुधबार दलहरूसँग भएको छलफलपछि आयोगले पुरानो बन्द सूचीको नाम निष्क्रिय बनाएर नयाँ प्रक्रियामा जान दलहरूबाट सहमति पाएको र आयोग सोहीअनुसार अघि बढ्ने बताए ।

'बुधबार दलहरूसँग निर्वाचनमा समानुपातिकतर्फको २०७४ को बन्द सूचीबारे छलफल भयो, आयोगले पुरानो बन्द सूचीको नाम निष्क्रिय बनाएर नयाँ प्रक्रियामा जान दलहरूबाट सहमति पाएको छ, आयोग अब सोहीअनुसार अघि बढ्छ,' प्रमुख निर्वाचन आयुक्त थपलियाले राजधानीसँग भने ।

आयोगले सो निर्णय गरे २०७४ को प्रतिनिधि र प्रदेशसभाको बन्द सूचीमा नाम समावेश भएका उम्मेदवारहरू आगामी निर्वाचनमा फेरि बन्द सूचीमा समावेश हुन पाउनेछन् । आयोगले दलहरूलाई आगामी निर्वाचनका लागि समानुपातिकतर्फको बन्द सूची बुझाउने समय २ र ३ असोजका लागि तोकेको छ ।

यसअघि २०७४ को बन्द सूचीमा रहेका व्यक्ति आउँदो निर्वाचनमा कार्यकाल बाँकी रहँदै फेरि बन्द सूचीमा बस्न मिल्ने कि नमिल्नेबारे अन्योल थियो । संविधान सभा र प्रदेशसभाको कार्यकाल सकिएपछि वा पहिले नाम समावेश गरेको दलले नाम फिर्ता लिएपछि मात्रै उनीहरूलाई उम्मेदवार बन्न सहज थियो । तर, आयोगले दलहरूसँग छलफल गरेर बिचको बाटो खोजेको हो ।

आयोगले यसअघि प्रतिनिधिसभा र प्रदेशसभाको कार्यकाल १ असोजमा समाप्त हुने बताउँदै आएको थियो । अब आयोगले विशेष निर्णय गर्दै प्रतिनिधिसभा सदस्य निर्वाचन ऐनको दफा ३० अनुसार उनीहरूको नाम बन्द सूचीबाट हट्न कार्यकाल नै अन्त्य हुनुपर्ने वा सम्बन्धित दलले नाम हटाउनुपर्ने व्यवस्थामा दफा ७४ अनुसार अघि बढ्ने भएको हो । दफा ३० मा कार्यकालसम्बन्धी व्यवस्था छ ।

# राष्ट्रपतिद्वारा विभिन्न पाँचवटा विधेयक प्रमाणीकरण

**राजधानी समाचारदाता**
काठमाडौं

राष्ट्रपति विद्यादेवी भण्डारीले संघीय संसद्को दुवै सदनको बैठकबाट पारित भएका विभिन्न पाँचवटा विधेयक प्रमाणीकरण गरेकी छन् ।

राष्ट्रपति भण्डारीले मंगलबार विभिन्न पाँचवटा विधेयक प्रमाणीकरण गरेकी हुन् ।

राष्ट्रपति कार्यालयका अनुसार संविधानको धारा ११३ को उपधारा २ बमोजिम भण्डारीले तथ्यांकसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक प्रमाणीकरण गरेकी हुन् ।

यस्तै, स्ट्यान्डर्ड नाम र तौल ऐन, २०२५ लाई संशोधन गर्न बनेको विधेयक, प्रत्यायन सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक, सार्वजनिक पदधारण गर्ने व्यक्तिको शपथ सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक र योगमाया आयुर्वेद विश्वविद्यालयको सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक प्रमाणीकरण गरेको राष्ट्रपति कार्यालयका प्रवक्ता सागर आचार्यले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

# उम्मेदवार छान्न राप्रपाले बनायो संसदीय समिति

**राजधानी समाचारदाता**
काठमाडौं

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)ले आगामी निर्वाचनमा टिकट वितरण गर्न पार्टीको संसदीय समिति बनाएको छ ।

राप्रपाले अध्यक्ष राजेन्द्र लिङ्देनको नेतृत्वमा संसदीय समिति गठन गरेको हो ।

राप्रपा प्रवक्ता मोहन श्रेष्ठले आगामी निर्वाचनमा देशका सबै जिल्लाबाट सिफारिस भएर आउने उम्मेदवारको नाम छनोटलगायतका काम गर्न संसदीय समिति गठन गरिएको जानकारी दिए ।

समितिमा पूर्वअध्यक्षहरू पशुपतिशमशेर जबरा, लोकेन्द्रबहादुर चन्द र डा. प्रकाशचन्द्र लोहनी पदेन सदस्य छन् ।

यस्तै, अध्यक्ष लिङ्देनले चन्द्रबहादुर गुरुङ, प्राडा गीताभक्त जोशी, प्राडा जयन्तनाथ खनाल, डा. कान्ता भट्टराई, वरिष्ठ अधिवक्ता राजु बस्नेत, केन्द्रीय सदस्य केदार न्यौपाने, पूर्वसभासद बबिना मोक्तान लावतीलाई संसदीय समिति सदस्यमा मनोनीत गरेका छन् । समितिमा सातवटै प्रदेश समितिका अध्यक्ष पदेन सदस्य हुनेछन् ।

राप्रपामा आगामी ४ मंसिरमा हुने प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनका लागि जिल्ला जिल्लाबाट उम्मेदवारको नाम सिफारिस भएर आउनेक्रम जारी छ ।

राप्रपाले आगामी निर्वाचनका लागि उम्मेदवार छनोट गर्दा पार्टीका नेता तथा कार्यकर्ताले सांगठनिक निर्माणमा गरेको योगदान, सामाजिक कार्यमा रहेको क्रियाशीलता र व्यक्तिको लोकप्रियताका आधारमा उम्मेदवार छनोट गरिने जनाएको छ ।

# समानुपातिक उम्मेदवार छान्न कांग्रेसका चार मापदण्ड

**राजधानी समाचारदाता**
काठमाडौं

नेपाली कांग्रेसले समानुपातिकतर्फ उम्मेदवार चयन गर्न मापदण्ड तोकेको छ । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बुधबार बसेको कांग्रेस संसदीय समितिको बैठकले समानुपातिक उम्मेदवार चयन गर्न चारवटा मापदण्ड तय गरेको कांग्रेस मुख्यसचिव कृष्णप्रसाद पौडेलले जानकारी दिए ।




मापण्डमा कांग्रेसले गत स्थानीय तहको निर्वाचनमा उम्मेदवार भएकालाई समानुपातिकतर्फ उम्मेदवार नबनाउने नीति लिएको छ । मापदण्डअनुसार स्थानीय तह निर्वाचनमा पार्टीका तर्फबाट उम्मेदवार भएका व्यक्ति प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनको समानुपातिक निर्वाचनतर्फ उम्मेदवारी दाबी गर्न पाउनेछैनन् । यसैगरी, २०७४ मा समानुपातिकतर्फ उम्मेदवार भएका नेतालाई समेत प्रतिनिधिसभा र प्रदेशसभामा समानुपातिक प्रणालीतर्फ उम्मेदवार नबनाउने कांग्रेसको मापदण्डमा उल्लेख छ ।

त्यस्तै, प्रतिनिधिसभामा समानुपातिकबाट हाल सांसद भएको व्यक्ति पनि अब प्रदेशमा गएरसमेत फेरि समानुपातिकबाटै सांसद बन्न नपाउने र प्रदेशमा भएको व्यक्ति प्रतिनिधिसभामा आएरसमेत सांसद बन्न पाउने छैनन् ।

उम्मेदवार चयन गर्दा पार्टीका विभिन्न तहबाट विधानबमोजिम भएको सिफारिस, व्यक्तिको योग्यता, नैतिकता, कार्यक्षमता, लोकतान्त्रिक आन्दोलनमा पुर्‍याएको योगदान, पार्टीको विभिन्न तह र क्षेत्रमा गरेको योगदान साथै पार्टीलाई लोकप्रिय मत थप्न सक्ने व्यक्तिलाई उम्मेदवार बनाउने कांग्रेसको मापदण्डमा उल्लेख छ ।

समितिको बिहीबार बस्ने बैठकमा पार्टीका तर्फबाट समानुपातिकको बन्दसूचीमा समावेश गरिने नामबारे छलफल हुनेछ ।

निर्वाचन आयोगका समानुपातिकको बन्दसूची बुझाएपछि दललाई बन्दसूची छानबिन गरी सच्याउन ४ देखि ९ असोजसम्मको समय दिएको छ । यसैगरी, बन्दसूची संसोधन गर्न आयोगले दललाई १० देखि १६ असोजसम्मको समय निर्धारण गरिदिएको छ ।

यस्तै, बन्दसूचीमा परेका तर उम्मेदवार बन्न नचाहने व्यक्तिले आफ्नो नाम फिर्ता लिन चाहेमा १७ असोजमा फिर्ता लिन सक्ने आयोगले जनाएको छ । सोबारे आयोगले दललाई सोही दिन नै जानकारी दिने कार्यक्रम छ । यसरी रिक्त हुन आउने स्थानमा दलले सोही समूहमा अर्को उम्मेदवारलाई मनोनयन गर्न सक्नेछन् । त्यसका लागि २० देखि २२ सम्मको समय आयोगले दललाई दिएको छ ।

## प्रधानमन्त्री...

जसमा कुनै राजनीतिक दल वा उम्मेदवारको पक्ष वा विपक्षमा प्रचारप्रसारमा संलग्न हुन वा प्रचारप्रसार गर्न नपाउने उल्लेख छ । यस्तै, प्रचारप्रसारमा सरकारी स्रोतसाधन प्रयोग गर्न पनि बन्देज छ ।

प्रकाशित आचारसंहिताअनुसार केन्द्र र प्रदेश सरकारका मन्त्री र स्थानीय तहका कार्यपालिका सदस्यले वार्षिक बजेट र कार्यक्रममा स्वीकृत भएका बाहेकका अरू कार्यक्रम घोषणा गर्न र बजेट छुट्याउन पाउने छैनन् ।

यस्तै, कुनै पनि योजनाको शिलान्यास, उद्घाटन, सर्वेक्षण गर्न पाउने छैनन् भने त्यसका लागि अनुदान दिन पनि पाउनेछैनन् । केन्द्र र प्रदेश सरकारका मन्त्री र स्थानीय तहका कार्यपालिका सदस्यले कुनै राजनीतिक नियुक्तिको पद सिर्जना गर्न र नियुक्त गर्न पनि पाउने छैनन् भने उनीहरूलाई आयोगले अनुमतिबिना विदेश भ्रमणमा पनि रोक लगाएको छ । आयोगले आचारसंहिता कहिलेबाट लागू हुने भन्ने मिति तोकेको छैन ।

## काठमाडौंका...

ती क्षेत्रमा पानी पर्दा हिलो र घाम लाग्दा धुलाम्मे हुने गरेको छ ।

कालिमाटी, त्रिपुरेश्वर, टेकु, पुतलीसडक, बानेश्वरलगायतका क्षेत्रमा पनि खाल्टाखुल्टी अधिकतम् रूपमा बढेको छ ।

सडक विभागले वर्षाका कारण यो समयमा मर्मतसम्भारको काम कम हुने र वर्षाको ढल र पानीले पनि सडक बिगार्ने हुँदा केही खाल्टाखुल्टी हुने गरेको सडक विभागको प्रवक्ता भीमार्जुन अधिकारीले बताए । 'मर्मतसम्भारअन्तर्गत हामीले यो समयमा वर्षाका कारण गर्न सक्दैनौं, ढल र वर्षाको पानीले पनि सडक बिगार्ने हुँदा केही खाल्टाखुल्टी देखिने गरेको छ, अब नियमित मर्मतसम्भारअन्तर्गत खाल्टाखुल्टी पुर्ने काम हुन्छ,' प्रवक्ता अधिकारीले भने ।

विभिन्न प्रयोजनका लागि सडक खन्ने तर पुनः पिच नगर्ने क्रम बढेर जाँदा पनि काठमाडौंका सडकमा खाल्टाखुल्टी बढेको पाइन्छ । मेलम्ची खानेपानी, विद्युत् प्राधिकरण, टेलिकम, ढल व्यवस्थापनलगायतले काठमाडौंको सडक खन्ने गरेका छन् । सडक भत्काएर जथाभावी छाडिदिँदा वर्षाको पानीले झनै सडक बिगार्ने गरेको छ । विभिन्न निकायले सडक भत्काएपछि निश्चित समयमा निर्माण गर्नुपर्नेहुन्छ । तर, ती निकायले भत्काएका सडक समयमा नै निर्माण हुने गरेका छैनन् । सडक विभागले समेत समयमा नै सडक पुनः निर्माण गर्न चासो देखाएको छैन ।

काठमाडौं महानगरपालिकाले 'इन्फास्ट्रक्चर एम्बुलेन्स'को व्यवस्था गरेर काठमाडौंको खाल्टाखुल्टी पुर्ने तथा ढल व्यवस्थाको काम गर्ने भनेको भए पनि त्यो प्रभावकारी देखिँदैन । महानगरले 'इन्फास्ट्रक्चर एम्बुलेन्स'मार्फत रोडा माटो हालेर खाल्टाखुल्टी पुरे पनि वर्षाले बगाएर अर्को दिन जस्ताको त्यस्तै हुने गरेको छ । खाल्टोमा माटो हाल्दा झन् सडक हिलाम्मे हुने र घाम लाग्दा धुलाम्मे हुने गरेको छ ।

सडकको दुरवस्थाका कारण काठमाडौंभित्र नै जोखिम मोलेर यात्रा गर्नुपर्छभन्दा हास्यास्पद हुन्छ । जीर्ण भएका सडकमा मर्मत नगरी पिचमाथि पिच गर्ने कामसमेत यही काठमाडौंका भित्री सडकमा भएको देखिन्छ । पछिल्लो समय सडकपेटीमा नयाँ टायल राख्ने काम भइरहेको छ । जबकि सडकको दुरवस्था सुधार्नेतर्फ ध्यान गएको पाइँदैन । समयमा नै सडक मर्मत नुहँदा दुर्घटना बढ्ने गरेको छ । दुर्घटनाबाट मृत्यु हुनेको ग्राफ बढ्नुमा सडक पनि जिम्मेवार छ ।


**Zero Cost Recruitment in Malaysia**
**मलेसियामा शुन्य लागतको रोजगार**

Free Visa, Free Flight Ticket, Free Service Charge, Free visa Stamping, Free Govt. Levi, Free Medical, Free accommodation, Free orientation, Free Insurance, Free Passport, Free worker welfare fund, Free PCR checkup and Free Transportation/Lodging/Meals (from upon job offer till devlopment .)
फ्रि भिषा, फ्रि हवाई टिकट, फ्रि सेवा शुल्क, फ्रि भिषा स्ट्याम्पिङ, फ्रि सरकारी लेबी, फ्रि मेडिकल, फ्रि आवास, फ्रि अभिमुखिकरण, फ्रि बीमा, फ्रि राहदानी, फ्रि श्रमिक कल्याणकारी कोष, फ्रि पिसिआर परिक्षण, फ्रि यातायात/खाना/बस्ने (रोजगार प्रसताव गरेदेखि उडान नभएसम्म)

**रोजगारदाता कम्पनी (Name of Employer): TOP GLOVE SDN. BHD.** पुनः विज्ञापन

पूर्व स्वीकृति मिति : २०७८/१२/२४ Pre Approval Date: 2022/04/07 | चलानी नं.: ६०१७७४१५ Reference No. 60177415 | LOT No. 261086 | शहर: Malayasia

| सि. नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब RM | Monthly Basic Salary मासिक तलब ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working Hour per Day प्रतिदिन कामगर्ने घण्टा | Working Days per Week हप्तामा कामगर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accomodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker (Manufacturing sec.) उत्पादन कामदार अपरेटर | 34 ३४ | 28 २८ | Professing in reading spiking writing understanding in English. अंग्रेजिमा राम्रोसँग पढ्न, बोल्न, लेख्न र बुझ्न सक्ने । | 1400 १४०० | 40,600 ४०,६०० | As per Malasian Labour Law मलेशियन श्रम कानुन अनुसार | 8 Hrs ८ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2Years २ वर्ष |

**रोजगारदाता कम्पनी (Name of Employer): GOLDEN FRESH SDN. BHD.** पुनः विज्ञापन

पूर्व स्वीकृति मिति : २०७९/०४/१४ Pre Approval Date: 2022/06/17 | चलानी नं.: ६०१८१२८७ Reference No. 60181287 | LOT No. 265263 | शहर: Malayasia

| सि. नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब RM | Monthly Basic Salary मासिक तलब ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working Hour per Day प्रतिदिन कामगर्ने घण्टा | Working Days per Week हप्तामा कामगर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accomodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Factory Worker (Manufacturing sec.) उत्पादन कामदार अपरेटर | 10 १० | 0 ० | Professing in reading spiking writing understanding in English. अंग्रेजिमा राम्रोसँग पढ्न, बोल्न, लेख्न र बुझ्न सक्ने । | 1500 १५०० | 45,000 ४५,००० | As per Malasian Labour Law मलेशियन श्रम कानुन अनुसार | 8 Hrs ८ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2Years २ वर्ष |

**रोजगारदाता कम्पनी (Name of Employer): FITSPECS (M) SDN. BHD.**

पूर्व स्वीकृति मिति : २०७९/०५/२७ Pre Approval Date: 2022/09/12 | चलानी नं.: ६०१८७६८४ Reference No. 60187684 | LOT No. 271583 | शहर: Malayasia

| सि. नं. | Post for Migrating Worker कामदारको पद | Total No. of Demand (male) माग संख्या पुरुष | Total No. of Demand (Female) माग संख्या महिला | Minimum Requirement न्यूनतम योग्यता | Monthly Basic Salary मासिक तलब RM | Monthly Basic Salary मासिक तलब ने.रु | Overtime Facility ओभरटाइम सुविधा | Working Hour per Day प्रतिदिन कामगर्ने घण्टा | Working Days per Week हप्तामा कामगर्ने दिन | Yearly Leaves वार्षिक विदा | Food Facility खाना सुविधा | Accomodation Facitlity बस्ने सुविधा | Contract Period करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General Worker साधारण कामदार | 21 २१ | 0 ० | Professing in reading spiking writing understanding in English. अंग्रेजिमा राम्रोसँग पढ्न, बोल्न, लेख्न र बुझ्न सक्ने । | 1500 १५०० | 45,000 ४५,००० | As per Malasian Labour Law मलेशियन श्रम कानुन अनुसार | 8 Hrs ८ घण्टा | 6 Days ६ दिन | As per Company rules क.नि अनुसार | No छैन | Yes छ | 2Years २ वर्ष |

| Domestic Medical borne by whom and how much does it cost स्वदेशमा गर्ने मेडिकको शुल्क कस्ले व्यहोर्ने र कतिलाग्ने | Abroad Medical cost borne by विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | Domestic Foreign terminal insurance borne by whom & how much does it cost स्वदेशमा गर्ने म्यादि जीवन विमा कस्ले व्यहोर्ने र कतिलाग्ने | Insurance Facility on Employment Yes/No and who will borne the premium cost रोजगारमा विमा हुने नहुने र प्रिमियम कस्ले तिर्ने | Expenses of Air fare will borne by whom and how much does it cost कामदारलाई हवाई टिकट कस्ले दिने र कतिलाग्ने | Visa fee will borne by भिषा शुल्क कस्ले व्यहोर्ने | Visa Stamping cost will be borne by भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | Orientaion cost will borne by and how much अभिमुखिकरण शुल्ककतिलाग्ने र कस्ले व्यहोर्ने | Management of Welfare fund कल्याणकारी कोष सम्बन्धिव्यवस्था | Rate of service Charge and who will borne सेवाशुल्क कतिलाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोर्ने | By Employer रोजगारदाताले व्यहोने | By Employer रोजगारदाताले व्यहोने | By Employer रोजगारदाताले व्यहोर्ने |

**Impose any Recruitment/Placement Fee for this Employment.**
**रोजगारीको लागि कुनै पनि किसिमको भर्ती शुल्क लागु गर्ने छैन ।**

Note नोट :
**Applicants are requested to submit their application directly without using any mediator. Applicants (his/her Family members/Relatives/Friends) are not required to make any payments for this Employment. आवेदकलाई कुनै पनि मध्यस्तताको प्रयोग विना सिधा आवेदन गर्न आमन्त्रित गर्दछौ । आवेदक तथा परिवारको सदस्य आफन्त साथीभाई) ले यस रोजगार को लागि कुनै पनि प्रकारको शुल्क तिर्नु पर्ने छैन ।**

**Interview will be conducted on 22 Sept. 2022 in office premises.**
**अन्तवार्ता मिति २०७९ असोज ६ गते कार्यालय परिसरमा हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी (Information provided by the Department of Foreign employment) :- १. आफ्नो नाममा भिसा प्राप्त भएको सुनिश्चित गर्नुहोस । 1. Confirm that Visa is issued under your name . २. आफु कामगर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिननियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमापर्दा सम्पर्क गर्न सजिलो हुन्छ । 2. You need to note down the contact details & location of Diplomatic mission of the Country you are going for employment. It will be easy to contact when you get in trouble. ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको सेवा, सुविधा, तलबको बारेमा स्पष्ट हुनुहोस । 3. You have to be clear about the services, facilities and salary mentioned in this advertisement. ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिमअनिवार्य लिनुपर्ने छ । 4. Before going to the abroad you must compulsorily take orientation and induction trainings. ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रतिआफुसग राख्नुहोला । 5. Before going to the abroad you must go through agreement paper in details regarding, country, company, Facilities and service and terms and condition of company and sign. You should keep its one copy. ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । 6. While going abroad you must use International Airport of our country, or else might be deceived. ७. यस विज्ञापन सम्बन्धमाथप केहीबुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला । 7. If you want know more about this advertisement do contact Department of Foreign Employment , Budhanagar.:

**ट्रष्ट नेपाल ओभरसिज प्रा.लि.**
**Trust Nepal Overseas Pvt. Ltd.**
Trust Nepal Overseas (P.) Ltd.
दर्ता नं. : २५९/०५८/०५९
Govt Lic.No. 259/058/059
We are an eithical and responsible recruitment agency.
हामी एक नैतिक र जिम्मेवार रोजगारी संस्था हो ।
चप्पल कारखानाचोक, महाराजगन्ज, काठमाडौं, नेपाल
Chappalkarkhana, Maharajgunj, Kathmandu, Nepal
फोन: ४३७७१९०/४३७७१९६ फ्याक्स ९७७ १ ४३७९५८८
Phone No. 4377190/4377196, Fax No. 977 1 4379588
Email: info@trustnepal.com
Hotline No. 9802021361

# स्तरीय विद्युत् पहुँचले मात्र स्वच्छ खाना पकाउने शैली परिवर्तन : अगुवा




तुलसी भण्डारी/राजधानी
वीरगन्ज

परम्परागत शैली परिवर्तन गर्दै खाना पकाउने स्वच्छ विद्युतीय ऊर्जा प्रवर्द्धनका लागि सर्वसुलभ रूपमा विद्युत्मा पहुँच पुऱ्याउर्न पर्सा, बाराका अगुवाले जोड दिएका छन् । राष्ट्रिय योजना आयोगले अभियानका रूपमा थालनी गरेको 'खाना पकाउने स्वच्छ विद्युतीय ऊर्जाको प्रवर्द्धन' बिषयक कार्यक्रममा पर्सा, बाराका जिम्मेवार अगुवाले स्तरीय र सर्वसुलभ विद्युत् पहुँचमा जोड दिन पर्नेमा बताएका हुन् ।

राष्ट्रिय योजना आयोगले मंगलबार वीरगन्ज आयोजना गरेको कार्यक्रममा स्थानीय तहका प्रमुख तथा प्रतिनिधि र अधिकारकर्मीले सर्वसुलभ विद्युत् पहुँच, स्वदेशमा नै विद्युतीय सामग्रीको उत्पादन र बिग्रेका विद्युतीय सामग्रीको मर्मतमा दक्ष जनशक्ति तयार पार्नुपर्नेलगायत सुझाव दिएका छन् । स्थानीय तह लक्षित सो कार्यक्रममा विद्युत् खपतको बानी बसाल्दै खाना पकाउने परम्परागत शैली परिवर्तन गरी स्वच्छ विद्युतीय ऊर्जा प्रवर्द्धनमा लाग्न पर्ने पनि उनीहरूको सुझाव छ । यसको लागि छिनछिनमा विद्युत् कट्ने शैली र साबिकका कमजोर तार तथा विद्युत् सामग्रीको पनि विस्थापन गरी स्तरीय सामग्रीको जडान र प्रयोग गर्न पर्ने वीरगन्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले सुझाव दिए।

जलवायु परिवर्तन र गृहिणीलाई अस्वस्थकर जीवन बिताउन नदिन पनि स्वच्छ विद्युतीय ऊर्जाको प्रवर्द्धनमा जोड दिनुपर्नेगर्न वीरगन्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले बताए। क्लिन कुकिङ एलायन्सका ऊर्जा विज्ञ पुरुषोत्तम घिमिरे र ऊर्जा विज्ञ करुणा बज्राचार्यले कार्यपत्र प्रस्तुत गरेका थिए ।

सो कार्यक्रममा राष्ट्रिय योजना आयोगका सदस्य डा सुरेन्द्रलाल कर्णले योजना आयोगले दीर्घकालीन लक्ष्यका रूपमा अहिलेबाट नै यो अभियान सुरुवात गरिएको बताए। खाना पकाउने धुवाँको कारण बर्सेनि २४ हजारले ज्यान गुमाउनुपरेकाले ज्यानको रक्षार्थ पनि विद्युतीय चुलोको आवश्यकता, औचित्य र महत्त्वअनुरूप संघ, प्रदेश र स्थानीय निकायमा स्वच्छ ऊर्जा अभियान सञ्चालन गर्नुपरेको उनको तर्क छ ।

यस्ता अभियानले स्वच्छ ऊर्जा प्रयोगमा सचेतना ल्याउने र नीति तथा कार्यक्रममा उल्लेख भएबमोजिम एलपी ग्याँसको खपत घटाउन पनि बल पुग्ने डा. कर्णले बताए । विद्युत् क्वालिटीको प्रवर्द्धनमा क्लिन कुकिङ एलायन्सले काम गरिरहेको उनको भनाइ छ। बारा, पर्साका अगुवा तथा अधिकारकर्मीले पञ्चवर्षीय योजनाको लक्ष्य नेपालका तीन तहका सरकारको सहकार्यात्मक कार्यशैलीबाट मात्र प्राप्त गर्न सकिने उनको सुझाव छ।

# राजनीतिका कारण उद्योग व्यवसाय फस्टाएन : मुख्यमन्त्री



सुजीतकुमार झा/राजधानी
जनकपुरधाम

मधेस प्रदेशका मुख्यमन्त्री लालबाबु राउतले राजनीतिक दल र गलत राजनीतिका कारण नेपालमा उद्योग व्यवसाय फस्टाउन नसकेको बताएका छन्। जनकपुरधाममा ईएलएमएसको आयोजनामा भएको श्रम बजार सूचना कार्यशाला गोष्ठी सम्बोधन गर्दै मुख्यमन्त्री राउतले नेपालमा उद्योगधन्दा फस्टाउन नसक्नुमा राजनीतिक दल र त्यसका मजदुर तथा ट्रेड युनियन संगठनको हस्तक्षेपकारी भूमिका पनि मुख्य कारण रहेको बताएका छन् ।

मुख्यमन्त्री राउतले नेपाल सरकारको अस्पष्ट र झन्झटिलो नीतिका कारण उद्योगी व्यवसायी लगानी गर्न हिचकिचाइरहेको बताए । उद्योग स्थापना र दर्ता प्रक्रियासमेत असहज हुनु, कामअनुसारको योग्य म्यानपावरको अभाव हुनु नेपालको उद्योग क्षेत्रका लागि मुख्य चुनौती रहेको उनको जिकिर छ। मुख्यमन्त्री राउतले सीटीईभीटीले अब नर्स, अहेब, ओभरसियरभन्दा पनि कृषि, उद्योगसहितका नेपालका लागि अति आवश्यक क्षेत्रका लागि चाहिने उचित म्यानपावरका कोर्सा पढाउनुपर्ने बताए । कार्यक्रममा मधेस सरकारका उद्योगमन्त्री सत्रुधन महतोले मधेसको विकासका लागि निर्माण, कृषि, पर्यटन, उद्योगसहितका क्षेत्रका लागि चाहिने दक्ष जनशक्ति आपूर्तिका लागि विभिन्न निकाय मिलेर एक बजार केन्द्र खोल्नुपर्ने बताए ।

नेपाल घरेलु तथा साना उद्योग महासंघका केन्द्रीय अध्यक्ष उमेशप्रसाद सिंहले नेपालमा दक्ष जनशक्ति बढाउन जोड नदिँदासम्म बेरोजगारी मात्रै नभई उद्योग व्यवसायको विकास पनि हुन नसक्ने बताए । नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल घरेलु तथा साना उद्योग महासंघ, होटेल संघ नेपाल, तथा नेपाल निर्माण व्यवसायी महासंघको संयुक्त साझेदारीमा ईएलएमएस सञ्चालनमा रहेको छ। सो परियोजना युरोपियन युनियनको आर्थिक सहयोग तथा ब्रिटिस काउन्सिल दक्षताको व्यवस्थापकीय सहयोगमा कार्यान्वयन भइरहेको छ ।

परियोजनाले राष्ट्रिय पेसागत वर्गीकरण मापदण्डको विकास गर्ने, श्रम बजारमा सीपयुक्त जनशक्तिको माग पहिचानका लागि श्रम बजार सर्वेक्षण गर्ने, श्रम बजार सूचना प्रणालीको विकास गर्ने र प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमसम्बन्धी नीति तथा कार्यक्रम तर्जुमा गर्ने कार्यमा रोजगारदाताको आवश्यकताअनुसार सीपयुक्त जनशक्तिको विकास गर्न सूचना तथा जानकारी उपलब्ध गराइदिनेछ ।

# विद्यार्थीलाई 'भाग्य बोक्ने झोला'

सुशील गैरे/राजधानी
कपिलवस्तु

५८औं बालदिवसका अवसरमा बुधबार कपिलवस्तुको बुद्धभूमि नगरपालिका-२ ले विद्यार्थीलाई 'भाग्य बोक्ने झोला' दिएको छ । बालमैत्री समाजको आधार : जिम्मेवार परिवार, उत्तरदायी सरकार भन्ने नाराका साथ विभिन्न कार्यक्रम गरी रहँदा वडाले वडाका बालविकास केन्द्रमा अध्ययनरत ४० जना विद्यार्थीलाई झोला वितरण गरेको हो ।

पहिलोपटक शैक्षिक सामग्री पाउँदा विद्यार्थी पनि दंग देखिन्थे । विद्यालय जान सिक्दै गरेका विद्यार्थीलाई झोला कापी पेन्सिल दिँदा उनीहरूलाई पढाइप्रति रुचि बढ्ने वडा अध्यक्ष सुरजप्रताप राणाले विश्वास व्यक्त गरे। बालबालिकाले शिक्षा पाउन सकेनन् भने गाउँमा बाटो, बिजुली मात्र भएर विकास नहुने उनले बताए । विकासका लागि पहिले सबै वडावासी शिक्षित हुनुपर्ने आवश्यकता पनि उनले औंल्याए ।

गरिब विपन्न अभिभावकले झोला, कापी र पेन्सिल पनि किन्न नसक्ने भएकाले विद्यार्थी पढाइबाट कोही पनि वञ्चित नहोउन् भन्ने हेतुले सामाग्री वितरण गरिएको उनले बताए । साथै, उनले बालबालिका शिक्षाको पहुँचबाहिर हुन नदिन वडाले अवलोकन गर्ने र बालबालिका विद्यालय नपठाउने अभिभावकलाई कारवाही गरिने बताए ।




# बालबालिकाको क्षेत्रमा हामी चिन्तित छौं : जनप्रतिनिधि

विश्वनाथ सिम्खाडा/राजधानी
कालिकोट



बालबालिकाको क्षेत्रमा चिन्तित रहेको यहाँका जनप्रतिनिधिले बताएका छन्। राष्ट्रिय बालदिवस कार्यक्रममा बोल्ने अधिकांश स्थानीय तहका सरकारले बालबालिकाका क्षेत्रमा लगानीसमेत गरेको बताएका हुन् ।

जिल्लाका नौवटै स्थानीय तहमा आयोजित कार्यक्रममा जनप्रतिनिधिले बालबालिकाको क्षेत्रमा चासो र चिन्ता बढेको रास्कोट नगरपालिका प्रमुख धर्मराज शाहीले बताए । बालबालिका भविष्यमा मात्र कर्णदार होइनन् वर्तमानका पनि साझेदार भएको हुनाले बालबालिकाको क्षेत्रमा १५ देखि २० प्रतिशत बजेट छुट्याउनुपर्ने बताए ।

यस्तै, तिलागुफा नगरपालिकाले २० वर्ष पूरा गरेर पनि विवाह नगरेका २० जना किशोरीलाई वडा नम्बर ६ ले बालदिवसमा सम्मान गरेको छ । दिवसको अवसरमा किर्डाक नेपाल, सेभ द चिल्ड्रेन, सादा नेपाललगायतका विभिन्न संघसंस्थाले बेग्लाबेग्लै कार्यक्रमको आयोजना गरेका छन् । साथै विद्यालयले पनि विद्यार्थी सहभागितामा विभिन्न कार्यक्रम आयोजना गरेका छन् ।

कालिकोटमा अहिलेसम्म विभिन्न संघसंस्थाको सहयोगमा बालविवाहविरुद्धको अभियान, बालकल्याण अधिकारी नियुक्त, बालबालिकासम्बन्धी स्थानीय नीति, बालहित कोषको व्यवस्था, बालमैत्री स्थानीय शासन वडा घोषणा, बालहिंसामुक्त वडा घोषणा, बालबालिकाको क्षेत्रमा १५ देखि २० प्रतिशत बजेट विनियोजन, जोखिममा रहेका बालबालिकाहरूलाई सहयोग, बालबालिका विरुद्ध हुने हिंसाको सुनुवाइका लागि टोल फ्री नम्बरको व्यवस्था बालहिंसाको 'केस' व्यवस्थापन गर्न 'केस' वर्करको व्यवस्थालगायतका थुप्रै काम छन् ।

नेपालले बाल अधिकारसम्बन्धी महासन्धी १९८९ लाई १४ सेप्टेम्बर १९९० मा अनुमोदन गरेर बालबालिकाको विकास, बालअधिकारको संरक्षण र बालसहभागिता जस्ता विषयमा आफ्नो अन्तर्राष्ट्रिय प्रतिवद्धता प्रकट गरेको दिनकै अवसरमा नेपालले हरेक वर्ष भदौ २९ गते राष्ट्रिय बाल दिवस मनाउँदै आएको छ ।

# दार्चुलाको लटिनाथ नमुना मावि देशभरिकै उत्कृष्ट १०औं नम्बरमा

अमर खत्री/राजधानी
दार्चुला

जिल्लाको एक विद्यालय कार्यसम्पादन मूल्यांकनको आधारमा देशभरिकै उत्कृष्ट १०औं नम्बरमा परेको छ । जिल्लाको लेकम गाउँपालिका-५ चौपातामा रहेको लटिनाथ नमुना माध्यमिक विद्यालय कार्यसम्पादन मूल्यांकनको आधारमा ६० जिल्लाका ४ हजार ८ सय ६७ विद्यालयमध्ये उत्कृष्ट १० मा परेको विद्यालयका प्रधानाध्यापक केशव विष्टले बताए ।

शिक्षा मन्त्रालयअन्तर्गतको गुणस्तर प्रशिक्षण केन्द्रले देशभरिका विद्यालयको विभिन्न मापदण्डका आधारमा गरेको परीक्षणमा उत्कृष्ट १० मा परेको हो । करिब ११ सय बढी विद्यार्थी अध्ययनरत रहेको विद्यालयमा सुदूरपश्चिमका सबै जिल्ला र अन्य थुप्रै जिल्लाबाट विद्यार्थी पढ्न आउने गरेका छन् ।

सो विद्यालयमा डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स), डिप्लोमा इन एग्रिकल्चर (भेटेरिनरी साइन्स), डिप्लोमा इन फोरेस्ट्री, प्रि-डिप्लोमा इन प्लान्ट साइन्स, प्रि-डिप्लोमा इन भेटेरिनरी साइन्स र प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङको पढाइ हुने गरेको छ ।

विद्यालयमा छात्रवासको समेत उचित व्यवस्था छ। सम्पूर्ण पूर्वाधारहरूले सम्पन्न छ । दक्ष विशेषज्ञबाट प्रशिक्षण गराइन्छ । सञ्चारका सम्पूर्ण सुविधा रहनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय शैक्षिक भ्रमण तथा परामर्श सेवाको समेत व्यवस्था रहेको छ।

वनपाखा, खोल्साखोल्सी र पाहाडी शृंखलाको काखमा भएको हुँदा प्राकृतिक मनोरम दृश्यसँगै खानपिनका लागि दूध र हरियो सागसब्जी ताजा पाइन्छ । राम्रो ग्रामीण परिवेश, आत्मीयता, आहारविहार तथा व्यवहारका कारण टाढाबाट पढ्न आएका छात्रछात्राले आफ्नै पनको महसुस गर्न पाएको प्राचार्य केशव विष्टले बताए ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (सीटीईभीटी)बाट सम्बन्धन प्राप्त सो विद्यालयमा मधेसी, दलित, आदिवासी र महिलाका लागि आरक्षण छ । यस अवसरले सबै वर्ग र तप्काका छात्रछात्राको प्रवेश सहज भएको प्राचार्य विष्टले बताए ।

प्राविधिक र व्यावसायिक विषयमा छोरीहरूको आकर्षण बढ्नुले आर्जनमा लैंगिक समानताको अवसर बढाउन सहयोग पुग्ने प्राचार्य विष्टको विश्वास छ। मुलुककै एक गतिलो शैक्षिक गन्तव्य एवं प्राविधिक शिक्षाको केन्द्रमध्येको एक बन्न सकेको र अब यो ठाउँले मुलुकको मुहार फेर्ने जनशक्ति तयार गर्न थालेकाले आफूहरूमा खुसीको सञ्चार गराएको लेकमका बासिन्दा बताउँछन् ।

# संखुवासभा अस्पतालका कर्मचारीमाथि हातपात गर्ने प्रहरी नियन्त्रणमा

भविन कार्की/राजधानी
संखुवासभा

संखुवासभाको जिल्ला अस्पतालमा कार्यरत दुई जना कर्मचारीलाई हातपात गरेको आरोपमा एक जना पक्राउ परेका छन् । अस्पतालका कर्मचारीमाथि हातपात गरेको आरोपमा हेल्थ असिस्टेन्ट तथा निवर्तमान प्रशासन प्रमुख दीपेश श्रेष्ठलाई नियन्त्रणमा लिइएको रहेको जिल्ला प्रहरी कार्यालय संखुवासभाका डीएसपी वीरेन्द्र गोदारले जानकारी दिए ।

डीएसपी वीरेन्द्र गोदारका अनुसार श्रेष्ठलाई बुधबार बिहान नियन्त्रणमा लिएको छ । हेल्थ असिस्टेन्ट तथा निवर्तमान प्रशासन प्रमुख श्रेष्ठले मंगलबार साँझ साढे ७ बजे अस्पतालकै क्वार्टरमा बसिरहेको अवस्थामा अस्पतालका फार्मेसी इन्चार्ज धिरज रौनियर र अस्पतालका सूचना अधिकारीसमेत रहेका मेडिकल रेकर्डर सुपरभाइजर शेखर खत्रीलाई हातपात गरेका थिए ।

श्रेष्ठले मंगलबार साँझ खान खाइसकेर क्वार्टरमा बसिरहेको अवस्थामा फार्मेसी इन्चार्ज रौनियर र सूचना अधिकारी र खत्रीलाई हातपात गरेको डीएसपी गोदारले बताए। पीडित कर्मचारीले मंगलबार राति नै निवेदन दिएका थिए ।

घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। हेल्थ असिस्टेन्ट तथा निवर्तमान प्रशासन प्रमुख श्रेष्ठ खाँदबारी नगरपालिका-१ स्थित प्रहरी गेटका स्थायी बासिन्दा हुन्। विगत तीन वर्षदेखि उनी प्रशासन प्रमुख पदमा रहेका थिए ।

# लालपर्साबाट 'मेयर घरदैलो स्वास्थ्य कार्यक्रम' प्रारम्भ

राजधानी संवाददाता
वीरगन्ज




३२ वडा रहेको वीरगन्ज महानगरपालिकाका १६ वटा वडा ग्रामीण बस्तीमा समेटिएका छन् । ती वडाका सर्वसाधारण बजारमा रहेका सुविधा सम्पन्न स्वास्थ्य संस्थामा पुगी स्वास्थ सेवा लिन प्रायः असमर्थ छन्। यस कुरालाई मध्यनजर गरी वीरगन्ज महानगरपालिकाले नमुना कामका रूपमा 'मेयर घरदैलो स्वास्थ्य कार्यक्रम' सुरु गरेको छ। महानगरवासीलाई स्वस्थ राख्ने उद्देश्यसहित 'मेयर घरदैलो स्वास्थ्य कार्यक्रम' आइतबारबाट प्रारम्भ गरिएको हो ।

महानगरपालिकाले एउटा मोबाइल गाडी तयार गरी त्यसैमा औषधि, चिकित्सक, नर्स र भिडियो एक्स-रेसहितको प्याथोल्याब परीक्षणलगायत अन्य सेवा स्थानीय वडाको स्वास्थ्यचौकीसम्म पुऱ्याएर प्रारम्भ गरेको छ। २५ जना स्वास्थ्यकर्मीसहितको टोलीले वडामा स्वास्थ्य परीक्षण गराउन चाहने प्रायः सबै प्रकारका बिरामीको परीक्षण गर्नेछ । १ सय २५ प्रकारका औषधि निःशुल्क उपलब्ध गराउने र जटिल प्रकारका बिरामीलाई पनि तत्काल के गर्न सकिन्छ ? त्यो काम त्यहीँ गर्नेगरी सेवा प्रारम्भ गरिएको वीरगन्ज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले बताए ।

'महानगरवासी स्वस्थ नभई महानरपालिका स्वस्थ हुँदैन' भन्ने लक्ष्यसहित पहिलोपटक महानगरपालिका-३० लालपर्साबाट सेवा सुरु गरिएको छ । 'सो वडामा पाँच दिनसम्म सेवा दिइन्छ । त्यसपछि फेरि अर्को वडामा यस्तो सेवा पुऱ्याइन्छ,' महानगरप्रमुख सिंहले भने । पहिलो फेजमा महानगरका १७ देखि ३२ वटा ग्रामीण वडाहरूमा यो सेवा सञ्चालन गरिने वीरगन्ज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद पौडेलले बताए । स्वास्थ्यका सबै पूर्वाधार लिएर एकैपटक ग्रामीण वडामा पुग्न नसकिने भएपछि कम्तीमा सर्वसाधारणले महानगरवासी हुँ भन्ने महसुस गर्नेगरी घरदैलो स्वास्थ्य सेवा लिएर महानगर नागरिकको घरदैलोमा पुगेको उनको भनाइ छ । यो कार्यक्रम सफल भए मुलुकका अन्य पालिकाका लागि पनि अनुकरणीय हुने प्रमुख प्रशासकीय अधिकृत पौडेलको तर्क छ ।

यो कार्यक्रममा गर्भवती महिलाको परीक्षण, प्याथोलोजी ल्याब, गर्भवती महिलाको लागि भिडियो एक्सरे, जेनरल परीक्षण, ईसीजी सेवासहित निःशुल्क औषधिसमेत वितरण गरिएको महानगर-३० वडाको स्वास्थ्यचौकीका इन्चार्ज मेवालाल ठाकुरले बताए । पहिलो दिनको घरदैलो स्वास्थ्य सेवा सञ्चालनमा १० वटा भिडियो एक्स-रे गरिए ।

यसैगरी ६३ जना पुरुष र १ सय २७ जना महिलाहरूको स्वास्थ्य परीक्षण गरी आवश्यक औषधि वितरण गरिएको उनले बताए । यसको अलावा स्वास्थ्य परामर्श चाहिने बिरामीलाई पनि आवश्यक परामर्श दिइएको छ। स्वास्थ्य परीक्षणमा महिलाको समस्यालाई दृष्टिगत गरी ' चिकित्सक र स्टाफ नर्स पनि महिला नै राखिएको वीरगन्ज महानगरपालिकाले जनाएको छ ।

प्रायः सबै वडामा स्वास्थ्यचौकी भए पनि चुस्त सेवा नपाइने आशंकाले सर्वसाधारण विभिन्न झन्झटबीच सहरका स्वास्थ्य संस्थामा नै पुग्ने गरेका छन् । स्वास्थचौकीमा नै पुगी घरदैलो स्वास्थ्य कार्यक्रम गर्दा त्यहाँका स्वास्थ्यचौकीको अवस्थाबारे नगर प्रमुख सिंहसहित महानगरपालिकालाई र सर्वसाधारणलाई पनि स्वास्थ्यचौकीले प्रदान गर्ने सेवाबारे दोहोरो जानकारी हुने भएको छ । पहिलो दिनको कार्यक्रम वीरगन्ज ३० मा रहेको स्वास्थ्यचौकी भवनमा नै गरिएको छ। यो सेवा 'स्वास्थ्यचौकीमै सबै सेवा उपलब्ध छ भन्ने आमसर्वसाधारणलाई सन्देश दिन पनि अभियानका रूपमा थालिएको वडाध्यक्ष मनोज यादवले बताए ।

स्वास्थ्यचौकीमै सेवा सञ्चालन गरिनुको कारण स्वास्थ्यचौकीलाई अझ व्यवस्थित गर्दै जाने लक्ष्य पनि रहेको वीरगन्ज महानगरपालिकाले जनाएको छ । पहिलो दिन कार्यक्रम उद्घाटन गर्दै नगर प्रमुख सिंहले सबै वडावासीसँग स्वास्थ्य परीक्षण गराउन आग्रह गरेका छन्। त्यहाँ सेवा लिन पुगेका हरिनारायण राउत, तवार हुसेन, रामराज पासवान, जैबुन नेसा, नर्सना खातुनलगायतका सेवाग्राहीले महानगरले प्रारम्भ गरेको यो कदम सकारात्मक भएको टिप्पणी गरे। तर हमेसा सेवा प्राप्त हुनेमा भने उनीहरूले शंका जनाए ।

राजधानी न्यूज पब्लिकेशन प्रा.लि.

## सम्पादकीय

### डेंगुबाट बचौं र बचाऔं

काठमाडौं सहरलगायत देशैभर डेंगु महामारीको चाप बढेर गएपछि यसले आमजनतामा अत्यास निम्त्याएको छ। महामारीको प्रभाव विस्तारले सबैलाई त्राही त्राही पारेको छ। कोरोना महामारीजस्तो आइसोलेसनमा बसेर निको नहुने यो डेंगुको महामारी बढी चिन्ताजनक पनि छ।

शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालले 'डेंगु क्लिनिक' स्थापना गरी सेवा सुरु गरिसकेपछि यो महामारीको गम्भीरताको घनत्व स्वाभाविक रूपमा महसुस गर्न सकिन्छ। केही दिनअघि मात्र डेंगु बिरामीको संख्या कम हुन थालेको भनिए पनि अहिले आएर यो व्यापक बनेर देखा परिरहेको छ। यो भनेको डेंगु रोगको संक्रमण विस्तार हुँदै गइरहेको छ। डेंगु बिरामी आफैंमा अत्तालिने, मुर्छा पर्ने र यो रोगका संकेत पनि गम्भीर प्रकृतिका देखा पर्ने भएकाले यसले प्रभावित गर्ने वातावरण सोचेभन्दा डरलाग्दो र अत्यासमय हुन्छ। डाक्टरले बिरामीलाई तपाईंलाई डेंगु भएको छ, यो वा त्यो गर्नुस् वा नगर्नुस् भनेर निर्देशन दिने र ढाडस दिने गरे पनि बिरामीमा रहने गरेको डरमा कमी भएको देखिँदैन।

अहिले, दैनिक अस्पताल धाउने बिरामीको संख्या बढेर गएको छ। केही वर्ष पहिलेसम्म नेपालमा डेंगु रोगी बढेका थिएनन्। तर, दक्षिणी छिमेकी देश भारतमा भने यो रोग महामारीका रूपमा फैलिइरहेको थियो। बर्सेनि यसले सिंगो भारतलाई समस्यामा पार्दै आइरहेको छ। पछि डेंगु महामारी सबैभन्दा पहिले चितवनमा देखा परेको थियो। त्यति बेला यसलाई सामान्य रूपमा लिइएको थियो। तर, त्यही डेंगु महामारी दुईचार वर्षको अन्तरालमा राजधानी सहर काठमाडौंसहित देशभर फैलिएर सबैलाई सन्त्रस्त बनाइरहेको छ। यो वर्षमा त झन् डेंगु महामारी पहिलो र दोस्रोपटक गरी उल्झिएर आउँदा यसले साँच्चिकै महामारीको रूप धारण गरिसकेको छ। राजधानी सहर काठमाडौंसहित महाभारत लेकको समशीतोष्ण हावापानी रहेको इलाका हरेक वर्ष वृद्धि भइरहेको वैश्विक तापमानसँगै उष्ण र उपोष्ण क्षेत्रमा परिणत हुँदै गइरहेको छ। यसले पनि डेंगु फैलाउने लामखुट्टेका लागि यी क्षेत्रमा अनुकूल वातावरण सिर्जना गरी महामारी फैलाउनमा अनुकूलता सिर्जना गरिरहेको छ। अहिले डेंगु संक्रमित लक्षण घरघरमा देखिएको छ। साथै, संक्रमण पुष्टि भएका सबै बिरामीलाई अस्पताल भर्ना गर्न सकिने अवस्था पनि छैन। यसले स्वास्थ्योपचारमा जटिलता सिर्जना गरिरहेको छ।

संक्रमित बिरामीलाई जटिल बनाएपछि मात्र अस्पताल लैजाने चलन पनि नेपालमा व्यापक छ। यो चलन पनि डेंगु महामारीको विस्तारमा उत्तिकै जिम्मेवार छ। बिरामीमा निरन्तर वा पटकपटक वान्ता हुन थालेपछि, पेटमा अत्यधिक पीडा हुन थालेपछि, नाक, गिँजा वा अरू अंगबाट रगत बग्न थालेपछि र बेचैनी तथा छटपटी महसुस हुन थालेपछि मात्र बिरामीलाई अस्पताल लैजाने चलनमा अझै पनि कमी आउन सकिरहेको छैन। रक्तस्राव बढी हुन सक्ने सम्भावना यस्ता बिरामीमा रहने भएकाले आफन्तजन निकै आत्तिने गरेको देखा पर्छ। समयमै डेंगुको लक्षण थाहा पाऔं र त्यसको थप संक्रमण हुनबाट बचौं। लापरबाही नगरौं।

### लेखकलाई अनुरोध

समसामयिक विषयमा लेखिएका तपाईंका लेख/रचनालाई हामी स्थान दिनेछौं। अतः हाम्रा परिवर्तित निम्न ठेगानामा तस्बिरसहितको लेख/रचना र पाठक पत्र पठाउनु हुन अनुरोध गर्दछौं।

ठेगाना :
इमेल : bicharrajdhani@gmail.com
फोन : ०१-४८११०८०, ४८१३०२९

# अब पालो जनताको

## नेताहरूको नैतिकता देशभित्र मात्र खस्केको छैन, विश्वसमुदायमा पनि भ्रष्ट, अनैतिक र असक्षम भएको चर्चा छ



डा. देवीप्रसाद आचार्य

केही समयअगाडि युरोपियन टाइम्स पत्रिकामा छापिएको थियो कि, विश्वको सबैभन्दा मूर्ख मतदाता नेपालमा छन्, जसले देशलाई लिलाम गर्ने भ्रष्ट एवं घुसपैठ गर्ने नेतालाई भोट दिन्छन्। युरोपियन टाइम्समा प्रकाशित उल्लेखित समाचारबाट थाहा हुन्छ कि, नेपालका नेताहरूको नैतिकता देशभित्र मात्र खस्केको छैन, विश्व समुदायमा पनि यिनीहरू भ्रष्ट, अनैतिक एवं असक्षम भएको कुरा चर्चा छ। नेतृत्वका बारेमा नेपाली छापा, बहस, अन्तर्क्रिया, छलफल, इलेक्ट्रोनिक्स मेडियाहरूले अहिलेको नेतृत्वको बारेमा आलोचना गरिरहेका छन्। टिकाटिप्पणीहरू हुने गरेका छन्। यस्तो अवस्थामा यही आगामी मंसिर ४ गते आमनिर्वाचन हुँदै छ। यो निर्वाचनमा पनि यिनै भ्रष्ट नेताहरूलाई भोट दिएर देश बिगार्ने एवं भ्रष्टाचारको लाइसेन्स नवीकरण गरिदिने काम जनताले गर्नु हुँदैन। अब, यिनीहरूलाई किनारा लगाउने पालो जनताको हो। यसै गरून्।

पछिल्लो राजनीतिक दलका क्रियाकलापहरूले गर्दा विशेषगरेर सहरी क्षेत्रमा पढेलेखेका, शिक्षितहरूमा राजनीतिप्रति अत्यन्त नकारात्मक मनोविज्ञानको विकास भइरहेको छ। यो मनोविज्ञान गाउँघरहरूमा पनि फैलिएको छ। नेपाली समाजको आलोचनात्मक चेतमा विकास भएको छ। तापनि, जब निर्वाचन आउँछ तब यिनै भ्रष्ट नेतालाई भोट पनि दिइरहेका छन्। त्यसैले, देश बर्बाद भइरहेको छ। बेथिति चुलिएका छन्। त्यसैले, कुन राजनीतिक दल र कस्ता नेतालाई नेतृत्वमा पठाउँदा देश विकास र विधिको शासन हुन सक्छ भन्ने कुराको छिनोफानो जनताले गर्न पर्ने बेला आएको छ।

त्यसो त, २०७४ सालको निर्वाचनको नेपाली समाज र अहिलेको समाज राजनीतिक चेतनाको दृष्किोणबाट हेर्दा फरक छ। विगत ५ वर्षमा देशमा भएका घटना र परिघटनाले समाजलाई सचेत बनाएको हुनुपर्छ। नेतृत्वको कार्यशैलीले मतदाताहरूको मन कुँडिएको हुनुपर्छ। अरबौंका भ्रष्टाचारका प्रकरणहरू, आर्थिक अनियमितता, स्वार्थको राजनीतिक लडाइँ, नातावाद, कृपावाद, फरियावाद, बालुवाटार जग्गा प्रकरण, बुढीगण्डकी प्रकरण, मेलम्ची खानेपानी परियोजनाको भ्रष्टाचार, कर फेरबदल, महंगी, सरकारको कार्यशैली, प्रशासनतन्त्रको अवस्था, ठेकेदारहरूको कामकाज आदि इत्यादि विषयवस्तुले नेपालका राजनीतिक दलहरू र यिनका नेतृत्वकर्ताको योग्यता, क्षमता, दृष्टिकोण एवं आचरण प्रस्ट हुन्छ। यस सन्दर्भमा अझै पनि नेपाली जनताले यही नेतृत्वलाई भोट दिने हो भने यो देशलाई बर्बाद पार्ने भूमिकामा मतदाताहरू सामेल भएको ठहर्छ। यसो नगरून्।

मत भन्नाले सोचविचार गरीकन प्रकट गरिएको विचार हो। नेपालको संविधानले १८ वर्ष पूरा भएका हरेक नागरिकलाई आफूले चाहेको राजनीतिक दल वा व्यक्तिलाई निर्वाचनमा स्वतन्त्रपूर्वक मत दिन पाउने अधिकारलाई सुनिश्चित गरेको छ। तसर्थ, १८ वर्षभन्दा माथिका उमेर समूहका सम्पूर्ण नेपाली नागरिक मतदाता हुन्। १८ वर्षभन्दा माथिका अन्तिम उमेर समूहको हातमा नेपालको भाग्य र भविष्य बनाउने वा बिगार्ने ठूलो जिम्मेवारी आएको छ। विगत ३२ वर्षदेखि यो देशमा केही नेताहरूको हालिमुहाली छ। राजनीतिक दलहरूले जनतालाई अलमलाई रहे। यो वा त्यो गर्छ भन्ने नाममा मतदातालाई झुक्याइरहे। अब त मतदातालाई थाहा भयो कि, यिनीहरूबाट देश बन्दैन। विधिको शासन हुन सक्दैन। विदेशीले बिरालोले मुसो खेलाएजस्तै खेलाउन सक्ने यो लोभी, गैरजिम्मेवारी, लोकलाज पचेको नेतृत्वलाई नेटो कटाउने पालो जनताको होइन र ?

हाम्रो देशमा राजनीतिक दलहरूका कार्यकर्ताहरू दलतान्त्रिक भए। प्रजातान्त्रिक हुन सकेनन्। आफ्नाहरूले जे गरे पनि ठिक देख्ने र त्यही कुरा अरूले गरेमा भयङ्कर राजनीतिक बेइमानी देख्ने दोषी आँखा र कलुषित मनहरूका कारण राजनीति देश र जनताका हितमा उपयोग हुन सकेको छैन। सामाजिक मिडियाहरूमा ट्रोल बनाएर शीर्ष भनिनेहरूलाई अब आउन पाइन्छ पाइँदैन भन्ने लोक भाषामा तस्बिरसहित राजनीतिक क्षेत्रबाट बिदा गरेका कार्टुनहरू आइरहन्छन्। यो वा त्यो माध्यमबाट जनताले असन्तोष व्यक्त गरिरहेका छन्। लोक विश्वास गुमाइसकेका र दलहरूले गठबन्धन गरी निर्वाचनमा जाँदै छन्। गठबन्धन एउटा सत्तामा पुग्ने अन्तिम रणनीति हो। राजनीतिक दलहरूको छलछाम र ठगी धन्दाका अर्थ बुझ्ने पालो अब जनताको हो। मतदाताको हो। राम्ररी बुझून्।

विगत ५ वर्षमा अहिलेको नेतृत्वले जनताको मन खुसाउने होइन, मन दुखाउने मात्र काम काम भएको छ। जनताले एमसीसी पास नगर भने। यिनीहरूले गरे। एसपीए पनि सस्पेन्स बनाइएको छ। नागरिकता विधेयक पारित नगर भने, जबर्जस्ती गरियो। जनताले महंगी नियन्त्रण गर सरकार भने। बढेको बढ्यै भयो। गठबन्धन गरेर निर्वाचनमा जान लोकतान्त्रिक अभ्यास होइन भने, यिनीहरूले सत्ताका लागि गठबन्धन गर्दै छन्। यस्तो अलोकतान्त्रिक, अप्रिय दलका नेतृत्वहरूलाई फेरि निर्वाचित गराउनु भनेको नेपाली जनता अत्यन्त मूर्ख हुन् भन्ने राष्ट्रिय एवं अन्तर्राष्ट्रिय रेकर्ड छ। फेरि प्रमाणित हुनेछ। यही अहिलेको नेतृत्व निर्वाचित भएमा फेरि ५ वर्ष यिनीहरूका लागि राजनीति अझै पुँजी वृद्धि गर्ने र आफन्त पोस्ने माध्यम हुनेछ। देश बर्बाद हुनेछ। तसर्थ, अब भ्रष्ट, असक्षम र विदेशीहरूको इसारामा नाच्ने पात्रलाई भोट नहालौं। राजनीतिक दलभन्दा देश ठूलो हो। नेपाली समाज ठूलो हो। देश र समाजको पक्षमा काम गरौं।

हरेक नेपालीहरू सबैभन्दा पहिले नेपाली हौं। त्यसपछि मात्र राजनीतिक दलका कार्यकर्ता हौं वा मतदाता हौं। यसो हो भने देशको हित हुने काममा सबै एक ठाउँमा जुट्नुपर्छ। अहिलेको अवस्थामा देशको हित गर्नु भनेको सक्षम नेतृत्वलाई मतदान गर्नु हो। हाम्रो देशमा कुनै पनि राजनीतिक दलको घोषणा पत्र, विकास योजना वा कार्यक्रमहरूको अध्ययन गरेर मतदान गर्ने संस्कृति छैन। समाजमा मेरा बाजेका पालादेखि रुखमै भोट हाल्ने खानदानी चलन छ भन्नेहरू धेरै छन्। वा, मदन भण्डारीका तत्कालीन भाषणहरू सुनेर सूर्य चिन्हमा भोट हाल्नेहरूको संख्या ठूलो छ। अर्थात्, नेपालमा संघीयता, धर्मनिरपेक्षता र गणतन्त्र ल्याउने माओवादी हो। त्यसैले, हँसिया हतौडा छोडिन्न भन्नेहरू पनि त्यत्तिकै छन्। समाजमा यस्तो सामाजिक एवं राजनीतिक चेतनाको क्रमभंग आजको खाँचो हो। त्यसैले, बल्ल खाइस् मंगले, आफ्नै ढंगले भन्ने लोक उक्तिको उपयोग गर्ने बेला यही हो।

हाम्रो देशमा ठूलो संख्यामा अग्रज पुस्ताका मतदाता अशिक्षित छन्। उनीहरूले सामाजिक प्रवाहका आधारमा मतदान गर्ने गर्छन्। वा परिवारका सदस्यहरूले जसलाई भन्यो, उसैलाई मतदान गर्ने चलन पनि छ। पढेलेखेको नयाँ पुस्ता विदेशमा छ। अझै डरलाग्दो पक्ष त निर्वाचनमा पैसा वितरण गर्ने, मासु भात वा मादक पदार्थको उत्सव मनाउन पाइने भएकाले पनि ठूलो संख्याका मतदाताहरूले राजनीतिक दल र व्यक्ति हेर्दैनन्। क्षणिक फाइदामा लोभिन्छन्। विगत ३० वर्षदेखि यिनै अहिलेका असक्षम नेतृत्वहरू बारम्बार चुनाव जितिरहनुको पछाडि उल्लेखित सामाजिक मनोविज्ञान, जनचेतना र नोटले भोटको काम गरेको देखिन्छ। फलतः देश अहिले अभिभावकविहीनको अवस्थामा पुगेको छ वा लथालिंग भएको छ।

समाजशास्त्रीय दृष्किोणबाट हेर्दा समाजमा जबसम्म शैक्षिक चेतना प्रबल हुँदैन, तबसम्म मतदाताले राजनीतिक दल र यिनीहरूको सैद्धान्तिक आधार, घोषणापत्र, आर्थिक नीति र विकास योजनाका आधारमा दल वा व्यक्ति छनोट गर्न सक्षम हुँदैनन् भन्ने गरेको पाइन्छ। लोकतान्त्रिक मुलुकका मतदाताले राजनीतिक दलहरूको सबल एवं दुर्बल पक्षहरूको अध्ययन गरी त्यसका आधारमा दल र व्यक्ति विशेषको छनोट गर्ने चेतनाको विकास गर्नुपर्छ भन्ने मान्यता रहेको पाइन्छ। हाम्रो देशको सन्दर्भमा यसो हुन सकिरहेको छैन। डडेल्धुराबाट २०४८ साल पछाडिका हरेक निर्वाचनमा त्यहाँका मतदाताले शेरबहादुर देउवालाई जिताइरहेका छन्। यिनी अहिले पाँचौंपटक प्रधानमन्त्री छन्। देउवा सरकारले पाँचवटा देश र जनताका लागि गरेका कामको सूची बनाऊ भन्दा मतदाताले नै भन्न सक्दैनन्। फेरि पनि उनीलगायत अन्य दलका शीर्ष भनिने असफल नेतागणलाई मतदान गरेर देश बर्बाद नपारियोस्। हेक्का रहोस्, यो वृद्ध जत्था चुनाव जित्न कसिएको देखिन्छ।

अन्त्यमा, नेपाल हामी सबैको साझा घर हो। यो देशको सुरक्षा, संरक्षण, प्रगति र विकास गर्ने हामी सबैको साझा दायित्व हो। कर्तव्य हो। देशको विकास हामी सबैको विकास हो। देश बिग्रिए हामीले दुःख पाउँछौं, पाइरहेका छौं। सक्षम राजनेताको अभावमा मुलुक कुहिराको कागजस्तो भएको छ। लोकतन्त्र सीमित नेता विशेष र यिनका आसेपासेका लागि मात्र अवसर बनेको छ। कमाइ खाने भाँडो भएको छ। जनताको चुलाचौकामा लोकतन्त्र पुग्न सकेको छैन। महंगी, बेरोजगार र कुशासन व्याप्त छ। त्यसैले, देशलाई सक्षम नेतृत्व चाहिएको छ। यस्तो नेतृत्व चयन गर्ने पालो जनताको हो।

> "व्याप्त रहेको महंगी, बेरोजगार र कुशासन हटाउन देशलाई सक्षम नेतृत्व चाहिएको छ, यस्तो नेतृत्व चयन गर्ने पालो जनताको हो"

# व्यापार घाटा कम गर्ने उपाय

## नेपालमा सदाबहार रहँदै आएको करौडौं र अर्बौं-खर्बौं रुपैयाँबराबर व्यापार घाटाले प्रत्येक वर्ष नेपालले आफ्नो वार्षिक बजेटभन्दा बढीको व्यापार घाटा बेहोर्दै छ



डा. सुमनकुमार रेग्मी

कुनै वर्ष अनुकूल मौसम नभएको र कुनै वर्ष वर्षात बढी भएको खण्डमा नेपालको व्यापार घाटा सोही वर्ष बढ्ने सम्भावना देखिँदै आएको छ। उदारणका रूपमा आव २०७३/७४ मा अनुकूल वर्षा, समयमा रोपाइँ तथा खेती, रासायनिक मलको सहज उपलब्धता कृषि प्रविधिको बढ्दो प्रयोगलगायतका कारण कृषि फसल बढी हुन गई निकासी तथा उत्पादन बढ्न गएको दखिन्छ। कुनै वर्ष र कुनै जिल्लाबाट कृषिउपज निर्यात हुने गर्छ। नेपालबाट निकासी हुन सक्ने कृषि उपजहरूमा ताजा तरकारी, सुन्तला जातको फलफूल, हिउँदे फलफूल, वर्षे फलफूल, अदुवा, अलैंची, आलु, अकबरे खुर्सानी आदि छन्। तर, हरेक आर्थिक वर्ष नेपालले वैदेशिक व्यापारको असन्तुलन भोगिरहेको अवस्थामा निकासी व्यापारको अवस्था कमजोर हुँदै गएको छ। आर्थिक वर्ष २०७७/७८ मा पानी कुबेला अर्थात् अन्न बाली उठाउने बेलामा पानी परेको थियो। त्यस्तै, २०७८/७९ मा वर्षा ठिक हिसाबले परेकाले २०७९ सालमा अन्न उत्पादन राम्रो हुने आशा गरिएको छ।

नेपालको निकासी व्यापार स्थिर रहेको तथा पर्यटक आगमनसमेत कोरोना कालमा बढ्न नसक्दा अर्थतन्त्रको एक मात्र आधार रेमिट्यान्समा सामान्य उतारचढावले पनि देशको सम्पूर्ण अर्थतन्त्र संकटमा पर्नसक्ने अवस्था विगतमा रहेको भए तापनि २०७८/७९ मा राम्रो हुने संकेत देखिएको छ।

२०७०/७१ मा ९१ अर्ब रुपैयाँको निर्यात भएको देखिन्छ। नेपालले त्यस बेला ६८ देशमा निर्यात तथा ७४ देशबाट सामान आयात गरेको देखिन्छ। आव २०७७/७८ मा नेपालको निकासी १ खर्ब १२ अर्ब रुपैयाँ भएको थियो। आर्थिक वर्ष २०७८/७९ मा नेपालमा १ सय ६४ देशबाट १९ खर्ब २१ अर्बभन्दा बढीको सामान आयात भएको छ। भारतबाट २०७८/७९ मा नेपालले १२ खर्ब १५ करोड २७ लाखभन्दा बढीको सामान आयात गरेको थियो। १२ खर्ब रुपैयाँभन्दा बढीको सामान आयात हुँदा १ खर्ब ५५ अर्ब २२ करोड ३० लाख रुपैयाँबराबरका सामान निर्यात भएको थियो। नेपालले भारतसँग मात्र २०७८/७९ मा १० खर्ब ४४ अर्ब ९३ करोड ४ लाख रुपैयाँभन्दा बढीको व्यापार घाटा बेहोरेको थियो।

भारत पछि ठूलो मात्रामा आयात चीनबाट भएको छ। २०७८/७९ मा चीनबाट २ खर्ब ६४ अर्ब ७८ करोड ३७ लाख रुपैयाँबराबरको आयात भएकोमा ८० करोड ८७ लाख ५४ हजार रुपैयाँबराबरको मात्र सामान निर्यात हुँदा चीनसँग २ खर्ब ७३ अर्ब ९७ करोड ४९ लाख रुपैयाँबराबरको व्यापार घाटा भएको थियो। चीनसँगको आयातसँगै निर्यात वृद्धि हुँदै आएको छ। २०७८/७९ मा नेपालले २ खर्ब ३० करोड ९६ लाख रुपैयाँबराबरको स्वदेशी कुल वस्तु निर्यात गरेको थियो। २०७७/७८ मा नेपालले १ खर्ब ४१ अर्ब १२ करोड ४० लाखको निर्यात गरेको थियो। २०७७/७८ को तुलनामा २०७८/७९ मा आयात २४.७२ र निर्यात ४१.७४ प्रतिशतले वृद्धि भएको देखिन्छ।

आयातको तुलनामा न्यून मात्रामा निर्यात हुँदा नेपालको व्यापार घाटा वृद्धि भएको थियो। २०७७/७८ को तुलनामा २०७८/७९ मा २३ प्रतिशतले व्यापार घाटा वृद्धि भएको देखिन्छ। २०७७/७८ को तुलनामा २०७८/७९ मा २३ प्रतिशतले व्यापार घाटा वृद्धि भएको थियो।

२०७८/७९ मा देशको व्यापार घाटा १७ खर्ब २० अर्ब ४१ करोड ७३ लाख रुपैयाँ पुगेको थियो। आव २०७७/७८ मा व्यापार घाटा १३ खर्ब ९८ अर्ब ७१ करोड २९ लाख रुपैयाँबराबरको थियो।

२०७८/७९ मा नेपालले २१ खर्ब २० अर्ब ४७ करोड ९३ लाखबराबरको वैदेशिक व्यापार गरेको थियो। तर, २०७७/७८ को तुलनामा २६.१५ प्रतिशतले बढिरहेको छ। २०७७/७८ मा नेपाल १६ खर्ब ८० अर्ब ९६ करोड ११ लाखबराबरको वैदशिक गरेको थियो।

कृषिप्रधान देशमा २ खर्ब ५० करोडको खाद्यान्न आयात हुन हीनताबोध भएको छ। २०७८/७९ मा वार्षिक बजेटभन्दा झन्डै ३ खर्ब रुपैयाँ बढीको आयात, १७ खर्बको बढीको व्यापार घाटा रहेको देखिन्छ। एक वर्षको अवधिमा नेपालले १९ खर्ब २० अर्बको आयातको गरिएको देखिन्छ। २०७८/७९ को वार्षिक बजेट नै १६ खर्ब ३२ अर्बको थियो। २०७८/७९ मा व्यापार घाटा १७ खर्ब २० अर्बको रहेको छ। २०७८/७९ मा नेपालले सबभन्दा बढी इन्धनको आयातमा खर्च भएको छ। एक वर्षको अवधिमा नेपालले ३ खर्ब ८३ अर्ब बढीको इन्धन आयात गरेको छ। नेपालले इन्धनपछि सबभन्दा बढी खाद्यान्न, फलामजन्य सामग्री, इलेक्ट्रोनिक सामग्री आयात बढी रहेको छ।

व्यापार घाटा सबभन्दा बढी भारतसँग भएको छ। नेपालले भारतबाट १२ खर्ब १५ करोडको सामान आयात भएको छ। भारतबाट १२ खर्बभन्दा बढी सामान आयात हुँदा केवल ५५ अर्ब २२ करोडबराबरको सामान मात्र भारतर्फ निर्यात भएको छ। भारतसँग मात्र १० खर्ब ४४ अर्ब ९३ करोडभन्दा बढीको व्यापार घाटा बेहोरेको छ।

भारतपछि चीनसँग २ खर्ब ६३ अर्ब ९७ करोडको व्यापार घाटा रहेको छ। एक वर्षमा नेपालले २१ खर्ब २० अर्ब ४७ करोडको वैदेशिक व्यापार रहेको छ। आव २०७७/७८ मा नेपालले १६ खर्ब ८० अर्ब १७ करोडको वैदेशिक व्यापार भएको थियो।

सबै देशसँग व्यापार घाटाको कुरा गर्ने हो भने आव २०६९/७० मा ५ खर्ब ३६ अर्ब २३ करोड थियो भने दश वर्षपछि अर्थात् आव २०७८/७९ मा १७ खर्ब २० अर्ब ४१ करोड रहेको छ।

आव २०७८/७९ मा मात्र डिजेलमा १ खर्ब ६८ अर्ब २३ करोड, पेट्रोल ७१ अर्ब ३८ करोड र एलपी ग्यासमा ६५ अर्ब ५५ करोड रुपैयाँ व्यापार घाटा रहेको छ।

नेपालको निर्यात व्यापार २ खर्ब ३० करोड पुगेको छ। निर्यात व्यापार २०७७/७८ मा तुलनात्मक रूपमा २०७८/७९ मा ४१.७ प्रतिशतले बढेको छ। २०७८/७९ मा निर्यात भएका वस्तुहरूमा प्रशोधन भटमासको तेल ४५ अर्ब ३५ करोड, प्रशोधन पाम तेल ३७ अर्ब ९४ करोड, सेन्थेटिक यार्न १० अर्ब १४ करोडको, उनी गलैंचा र कार्पेट ७ अर्ब, तयारी कपडा ५ अर्ब ७६ करोडको रहेको छ।

वैदेशिक व्यापार घाटालाई कम गर्न उत्पादन वृद्धिका विकल्प नभए पनि नेपालले स्वदेशमै प्रचुर मात्रामा उत्पादनको सम्भाव्यता भएका वस्तुहरूको उत्पादन वृद्धिमा सुधार ल्याउन सकिएको छैन। नेपालको कुल निर्यातको अवस्था सुधारोन्मुख हुनुपर्नेमा त्यसो हुन सकेको छैन। विदेशबाट खर्बौंका वस्तुहरू आयात हुँदा नेपालले एक आर्थिक वर्षमा १ खर्बका वस्तुहरू तथा उत्पादनहरू निर्यातसमेत गर्न सकेको छैन। २०७४/७५ पछि त नेपालको निकासीमा पाम आयल, भटमासको तेल, धागो हाबी हुन पुग्यो। नेपालबाट सबभन्दा बढी निकासी भएका वस्तुमा भटमासको तेल, पाम आयल, सनफ्लावर तेल देखिएको छ।

वैदेशिक व्यापारमा वृद्धि भए पनि आयातमुखी व्यापार नभएका कारण देशको व्यापार घाटा यो वर्ष पनि बढ्दो छ। निर्यात प्रवर्द्धनका लागि सरकारले चर्का नारा दिए पनि कमजोर उत्पादन कमी, बारकोड, विश्वबजारमा फितलो प्रचारप्रसार, ब्रान्डिङ कारणले नेपाली उत्पादन विदेसिन नसकेको दाबी भएको बताइन्छ। नेपालबाट निर्यात हुने सामानमा गुणस्तरको सम्बन्धमा बेलाबखतमा प्रश्न उठ्ने गरेको छ। विश्वबजारमा प्रतिस्पर्धा गर्न गुणस्तर महत्त्वपूर्ण कुरा हो। नेपाली उत्पादनले पहिलेदेखि नै परिमाणभन्दा गुणस्तर सुधारमा ध्यान दिइँदै आउनुपर्थ्यो। नेपाल भारत खुला सिमानाले नेपालको निर्यात व्यापारमा असर गरेको छ। सरकारी नीति प्रतिबद्धता राम्रो भए पनि कार्यान्वयन फितलो हुँदै आएको छ। भूपरिवेष्ठित भएका कारणले उद्योगी-व्यापारीहरूले हैरानी बेहोर्दै आएका छन्।

निकासी विकासका अनेकौं आधार तथा सम्भावना हुन्छन्। राष्ट्रिय व्यापार रणनीति २०७३ ले राखेका १२ वटा तुलनात्मक लाभको वस्तुमा जडीबुटी पनि समावेश छ।

वाणिज्य नीति २०७२ ले १२ वटा वस्तुमध्ये सम्भावनायुक्त वस्तुका सूचीमा जडीबुटी तथा सारयुक्त तेललाई पनि समावेश गरेको छ। यस नीतिमा निर्यातयोग्य कृषि तथा वनजन्य वस्तुको संकलन एवं प्रशोधन गरी निर्यात अभिवृद्धि गर्न, प्रशोधन केन्द्रहरू स्थापना गर्न सहयोग पुऱ्याउने, गुणस्तर प्रमाणीकरणसम्बन्धी मौजुदा प्रयोगशालाको सुदृढीकरण तथा एक्रिडिटेसन गर्दै जाने, आवश्यकताअनुसार बहुउद्देश्य प्रयोगशालाको स्थापना गरिने, कृषि तथा वन पैदावारलगायतका व्यावसायिक खेती गर्न लिजमा जग्गा उपलब्ध गराउने र विविधताको अवसरलाइ उपयोग गरी निर्यातजन्य वस्तुका उत्पादन तथा प्रशोधन बाह्य मागबमोजिमको बनाउन संवेष्ठन, लेबलिङ, भण्डारण, प्रमाणीकरणमा सहयोग पुऱ्याउने, निर्यात प्रवर्द्धनका लागि असल कृषि अभ्यास र प्रांगारिक खेतीलाई प्रोत्साहन गर्न समन्वय गर्ने कुरामा जोड दिइएको देखिन्छ।

देशलाई आवश्यक परेका वस्तुको आयात कल्पनै गर्न नसकेर ह्वात्त बढेको र अन्धाधुन्धती आयात गरिएका वस्तु नेपालमा अन्तर्राष्ट्रिय मापदण्ड मान्यता प्राप्त निकायको अभावमा त्यस्ता मानवहितविपरीतका वस्तुहरू सहज रूपमा आयात गर्नु नै हो भनेर ठोकुवा गरेर भन्न सकिन्छ। अर्कोतर्फ जुन उद्देश्यले नेपालमा विदेशबाट सामान आयात गरिन्छ, त्यही उद्देश्यका लागि अर्थात् उद्योगका कच्चा पदार्थका रूपमा उपयोग नभई त्यस्ता वस्तुका दुरुपयोग हुनु आयात बढ्दै गएको हो।

नेपालबाट चीनतर्फ निर्यात हुँदै आएको प्रशोधित छाला, रुद्राक्ष, घरेलु उद्योगका सामानलगायतका वस्तु भुइँचालोअगाडिका अवस्थामा जति पठाउन सकिएको थियो, त्यति हालका वर्षमा पठाउन सकिएको छैन। तर, चीनबाट नेपालमा आयात हुने सामानहरू जस्तै केही तयारी पोशाक, जुताचप्पल, यातायातका पार्टपुर्जा र रासायनिक मललगायतको आयात भारतको कोलकाता बन्दरगाह भएर आयात भएकाले आयात बढ्दै गएको छ। जसले गर्दा चीनसँग व्यापारघाटा बढेको बढ्यै छ।

भारतबाट विशेषगरी पेट्रोलियम पदार्थको आयात उच्च छ। यसका अतिरिक्त यातायातका साधन र यसका पार्टपुर्जा, सिमेन्ट, फलामे छड र औषधीका आयात पनि बढेको कारण भारतसँगको व्यापार घाटा पनि बढेको हो। तेस्रो देशहरूमा निकासी हुने दाल, चिया र हस्तकलाका सामानको निर्यात पनि घट्न गएका छन्। यी देशबाट सुनचाँदी, पार्टपुर्जा, दूरसञ्चारका उपकरण तथा तामाको तारलगायत वस्तु नेपालमा आयात बढ्दो छ।

भारत, चीन र अन्य देशमा गरिँदै आएको वस्तु निर्यातमा कमी आएपछि समग्र रूपमा व्यापार घाटा पनि बढेको देखिन्छ। करिब २ दशकअगाडिसम्म नेपालले चामल निर्यात गर्थ्यो। हालका वर्षमा ३० अर्ब रुपैयाँका भन्दा बढी विदेशी चामल नेपालमा आयात हुँदै आएको छ। नेपालमा इन्धन मात्रै बर्सेनि १ खर्ब ४० अर्बका खपत भई आएको छ। बर्सेनि ३२ अर्ब रुपैयाँको सुनचाँदी र २५ अर्बभन्दा बढीको मोबाइल सेटको आयात भइराखेको अवस्था छ।

निर्यातजन्य वस्तुको पहिचान प्रवर्द्धन र बजारीकरणको अभावले बर्सेनि र बजारीकरणको अभावले बर्सेनि व्यापार घाटा बढेको सरोकारवालाको भनाइ छ। व्यापार घाटा टीठलाग्दो भएको र यसलाई कम गर्न रणनीतिक योजनाको आवश्यकता रहेको छ। देशको एक आर्थिक वर्षको बजेट बराबरको प्रतिवर्ष व्यापार घाटा बेहोर्नु लाजमर्दो अवस्था हो। तसर्थ, व्यापार घाटा कम गर्न निर्यातजन्य वस्तुका उत्पादन र बजार प्रवर्द्धन गर्न सख्त आवश्यकता रहेको छ। व्यापार घाटा कम गर्न उत्पादनमूलक वस्तुका प्रोत्साहनका लागि करको दर घटाई निर्यात प्रवर्द्धनमा सघाउन आवश्यक देखिएको छ।

नेपालको वैदेशिक व्यापारमा आयातनिर्यात अनुपात बर्सेनि बढेर गएको छ। विश्वबजारमा नेपालको व्यापार अधिकांश देशमा घाटामा चलेको देखिन्छ। त्यसको निराकरणका लागि सरकारको प्रभावकारी योजनातर्फ ध्यान कम गएको देखिन्छ। राजनीतिक दलहरूका ध्यान पनि व्यापार घाटातर्फ गएको देखिँदैन किनभने देशमा सधैं व्यापार घाटा भइरहेछ। तर, उनीहरू प्रभावकारी योजना बनाएर व्यापार घाटा घटाउन सफल भएका देखिएका छैनन्। नेपालमा करौडौं रुपैयाँ मात्र होइन अर्बौं-खर्बौं रुपैयाँमा व्यापार घाटा सदाबहार रहँदै आएको छ। प्रत्येक वर्ष नेपालले आफ्नो वार्षिक बजेटबराबरभन्दा बढीको रकमको व्यापार घाटा बेहोर्दै आएको छ।

> "निर्यात प्रवर्द्धनका लागि सरकारले चर्का नारा दिए पनि कमजोर उत्पादन, बारकोड, विश्वबजारमा फितलो प्रचारप्रसार, ब्रान्डिङ आदि कारणले नेपाली उत्पादन विदेसिन सकेको छैन"

# पाकिस्तानमा २४ दिनदेखि निरन्तर वर्षा र बाढीबाट ५४ को मृत्यु



**सिन्ह्वा**
इस्लामावाद

पाकिस्तानका विभिन्न भागमा अविरल वर्षासँगै आएको बाढीमा परी गएको २४ घण्टा यतामात्र ५४ जनाको ज्यान गएको छ । साथै बाढीमा परेर अरू कैयौं व्यक्ति घाइते भएको बताइएको छ । बितेको दुई महिनामा यहाँका १ हजार ४ सय ८१ को बाढीबाट ज्यान गएको बताइएको छ । त्यसैगरी, पाकिस्तानको राष्ट्रिय प्रकोप व्यवस्थापन प्राधिकरण (एनडीएमए)ले यहाँका हजारौं व्यक्ति बाढी र पहिरोमा परेर घाइते भएका जनाएको छ।

एनडीएमएले मंगलबार प्रकाशन गरेको एक तथ्यांकमा सो कुराको जानकारी दिइएको हो । मंगलबार रातिसम्म बाढीमा परेर ५४ जनाको ज्यान गएको र अरू छ जना घाइते भएका सो संस्थाले जनाएको छ। बाढीबाट सबैभन्दा बढी पाकिस्तानको दक्षिणी प्रान्त सिन्ध प्रभावित भएको छ । सिन्धमा मङ्गलबार मात्र ४४ जनाको ज्यान गएको हो। तीमध्ये अधिकांश बालबालिका र महिला परेका बताइएको छ ।

यहाँका ३ करोड ३० लाखभन्दा बढी नागरिक बाढीबाट प्रभावित भएका छन् । हजारौं घर बाढीले बगाएको र लाखौंलाख नागरिक घरबिहनी भएर आश्रय लिइरहेका छन्। उत्तरपश्चिमी प्रान्त खैबर पख्तुनख्वा, पञ्जाव प्रान्तमा पनि बाढीले असर गरेको छ । सबैभन्दा बढी सिन्धमा र त्यसपछि बलुचिस्तान, गिलगिट र बाल्टिस्तान क्षेत्र बाढीको चपेटमा परेका छन् ।

बाढीबाट देशको भौतिक संरचनामा पनि अकल्पनीय क्षति पुगेको यहाँका अधिकारीले जनाएका छन् । बाढीले निम्त्याएको विनाशसँगै १२ अर्ब डलरभन्दा बढीको आर्थिक क्षति भएको अनुमान गरिएको छ ।

# आमाको पथमा अभिनेता धिरज नाडकर

**डब्बु क्षत्री/राजधानी**
काठमाडौं

बाल्यकालमा जब आमा चलचित्रको छायांकन गर्न मुम्बईबाट नेपाल आउँथिन् । त्यति बेला उनी आफूलाई पनि नेपाली फिल्म खेलाउनुन् भनेर आफ्नी आमासँग जिद्दी गर्थे। बाल्यकालमा नेपाली चलचित्रमा अभिनय गर्ने धिरज नाडकार यति बेला साँच्चै नेपाली चलचित्रको नायक भएका छन् । नेपाली चलचित्रकी एक समयकी लोकप्रिय अभिनेत्री तृप्ति नाडकरका छोरा हुन् धिरज नाडकर ।

यति बेला उनी काठमाडौंमा छन्। उनी नेपाली चलचित्र बाबरीमा नायकका रूपमा मुख्य भूमिका निर्वाह गरेका छन् । उनले अभिनय गरेको चलचित्र बाबरी यसपालिको दसैंको अवसर पारेर १४ असोजबाट देशव्यापी रिलिज हुँदै छ। यसमा अर्का अभिनेता धिरज मगरको प्रतिस्पर्धीका रूपमा धिरज नाडकर रहेका छन् ।

एक वर्षअघि चलचित्र बाबरीको छायांकनमा आउँदै धिरज नाडकरलाई नेपाली भाषा त्यति राम्ररी बोल्न आउँदैनथ्यो । तर, यतिबेला उनी नेपाली भाषा मिठोसँग बोल्छन्। बाल्यकालमा आफ्नी आमाले नेपाली भाषामा अरूसँग कुरा गरेको देख्दा उनलाई नेपाली भाषा निकै मन पर्थ्यो । पछि उनले आमाका थुप्रै नेपाली फिल्म हेरे । जसमध्ये आमाले अभिनय गरेको नेपाली चलचित्र सम्झना र कुशुमेरुमाल उनलाई साह्रै मन पऱ्यो। सोही कारण आमाको पथ पहिल्याउँदै उनी पनि नेपाली चलचित्रको नायक बनेका छन् ।



त्यसो त धिरज नाडकरले थुप्रै विज्ञापनमा मोडलको रूपमा काम गरिसकेका छन्। तथापि, उनले डेब्यु भने नेपाली चलचित्र बाबरीबाटै गरेका छन्। हुन त उनी बलिउडबाटै डेब्यु गर्न सक्थे। तथापि, आफ्नी आमा तृप्ती नाडकरले नेपाली चलचित्रमा अभिनेत्रीका रूपमा बनाइएको उचाइलाई उनी अझ चुल्याउन चाहन्छन्। सोही कारण आफूले नेपाली चलचित्र नै रोजेको उनले बताए ।

'धिरजले नायकका रूपमा नेपाली चलचित्रमा काम गर्दा सबैभन्दा बढी खुसी आमा तृप्ती भइन्। सोबारे धिरजले भने, 'आमा पनि मलाई नेपाली चलचित्रमा नायकका रूपमा हेर्न चाहनुहुन्थ्यो । उहाँले नै एक जना साथमार्फत चलचित्र बाबरीमा नायकका लागि मेरो कुरा गर्नुभएको रहेछ ।' त्यसपछि आफूलाई निर्देशक सुरेन्द्र पौडेलले नायकको रूपमा बाबरीमा अनुबन्धित गरेको यी अभिनेताले बताए ।

यो चलचित्रमा धिरजले आफ्नै संवादको स्वरांकन आफ्नै भाषामा बोलेका छन्, 'फिल्ममा मैले राम्रै नेपाली बोलेको छु र मेरो लवज दर्शकलाई केही नयाँ र रमाइलो लाग्ने छ।' उनले भने, 'अबका दिनमा नेपाली भाषा अझ राम्रोसँग सुधारेर आउँदा नेपाली चलचित्रमा प्रस्ट नेपाली बोल्नेछु।'

चलचित्र बाबरीमा धिरजको नायिकाका रूपमा अदीति बुढाथोकी छन्। अनमोल केसीसँग चलचित्र 'क्'बाट डेब्यु गरेकी अदितीको यो दोस्रो नेपाली चलचित्र हो । मुम्बईमा बसेर मोडलिङ गर्दै गरेकी अदितीको नायक भएर काम गर्दा आफुले धेरै कुरा सिक्न पाएको पनि धिरजले बताए ।

यो चलचित्रबारे अभिनेता धिरजले भने,' बाबरी खासमा त्रिकोणात्मक प्रेमकथामा आधारित चलचित्र हो । बाल्यकालदेखिको साथी भएर पनि बाबरीले यो फिल्ममा त्यो साथीलाई मन नपाराएर मलाई मन पाउँछिन्। त्यसपछिको प्रेमको उतार चढाव यो चलचित्रमा हेर्न पाइन्छ ।' चलचित्र बाबरीकै लागि पहिलोपटक गत वर्ष नेपाल आएका उनलाई नेपाल साह्रै मन पर्छ। आफ्नी आमाले बयान गरेको जस्तै सुन्दर नेपाल भएको उनले बताए। चलचित्र बाबरीपछि पनि सोही कारण उनी नेपालमा रहेर नेपाली चलचित्रमै काम गर्ने योजना सुनाउँछन् ।

# दिवंगत महारानीको शवयात्राका लागि हिथ्रोका उडानमा रोक

**एएफपी**
लण्डन

बेलायतकी दिवंगत महारानी एलिजाबेथ द्वितीयाको शवयात्राका लागि लन्डनमाथि हवाई यातायातमा रोक लगाइएको हिथ्रो विमानस्थलले जनाएको छ। लन्डनको सबैभन्दा ठूलो विमानस्थलले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'शव यात्राका समय होहल्लालाई रोक्न धेरै उडानलाई अवरुद्ध गर्नुपरेको हो।'

बकिङ प्यालेसबाट वेस्टमिन्स्टर हलसम्म महारानीको शव लगिएकाले उडानमा प्रतिबन्ध लगाइएको छ । लण्डनको पश्चिममा रहेको विन्डसरमा सोमबार अन्त्येष्टि नहुन्जेलसम्म महारानीको शवलाई श्रद्धाञ्जलीका लागि त्यहीँ राखिनेछ । यसैबीच हिथ्रोले सोमबारका लागि थप अवरोधको संकेत गरेको छ ।

'हामी हिथ्रो अपरेसनमा थप परिवर्तनहरू हुन सक्नेछन् । दिवंगत महारानीको अन्त्येष्टिका समय आगामी दिनहरूमा विमानस्थलमा हुने थप अवरोध विस्तारमा सूचनाहरू आउन सक्नेछन्', विमानस्थलले भनेको छ ।

यी परिवर्तनले निम्त्याउने व्यवधानका लागि हामी क्षमाप्रार्थी छौं, किनकि, हामी आगामी घटनामा प्रभाव सीमित गर्न काम गर्नेछौं । ब्रिटिस एयरवेजले बुधबारका युरोपका लागि तय गरेका आठवटा उडान रद्द गरेको पुष्टि गरेको छ। नागरिक उड्डयन प्राधिकरणको नियामकले सेप्टेम्बर ९ देखि १९ को बीचमा २ हजार ५ सय फिटभन्दा तल उड्ने ड्रोनलगायत गैरमानक विमानमाथि प्रतिबन्ध लगाएको छ ।

## इजरायली सैनिक र दुई प्यालेस्टाइनीको मृत्यु

**जेरुसेलम/एएफपी–** कब्जामा रहेको वेस्ट बैंकमा अवस्थित एक प्रहरी जाँचचौकीनजिकै बुधबार राति भएको झडपमा एक इजरायली सैनिक र दुई प्यालेस्टाइनी मारिएका प्यालेस्टाइनी स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

गिल्बोआ क्रसिङनजिकै रातभर प्यालेस्टाइनी आतंककारी सँगको झडपमा आईडीएफ (सेना) एक अधिकारीको मृत्यु भएको इजरायली सेनाद्वारा प्रकाशित विज्ञप्तिमा जनाइएको छ ।

## थाई आर्मी कलेजमा गोली चल्दा दुईको मृत्यु

**बैंकक/सिन्ह्वा–** बैंककमा अवस्थित 'रोयल थाई आर्मी वार कलेज'मा बुधबार भएको गोलीकाण्डमा परी दुई जनाको मृत्यु हुनुका साथै अर्का एक जना घाइते भएको थाई सेनाका प्रवक्ताले बताएका छन् ।

सो गोलीकाण्डमा ५९ वर्षीय बन्दुकधारीले स्थानीय समयानुसार बिहान ८:५५ बजे आफ्ना सहकर्मीलाई गोली हानेका थिए । घटनापछि उनलाई नियन्त्रणमा लिइएको र गोली चलाउनुको कारण अझै स्पष्ट नभएको सेनाका उपप्रवक्ता सिरिचन नगाथोङले बताएका छन् ।

# अजरबैजानले १ सय अर्मेनियाली सैनिकको शव फिर्ता गर्ने घोषणा

**अजरबैजान/ सिन्ह्वा–** अजरबैजानले सीमा क्षेत्रमा हालै भएको झडपमा मारिएका सय अर्मेनियाली सैनिकको शव फिर्ता गर्ने प्रस्ताव गरेको छ । 'अजरबैजानले युद्धविरामको आह्वान गरेको छ र एकतर्फी रूपमा सय अर्मेनियाली सैनिकको शव आर्मेनियालाई हस्तान्तरण गर्न तयार छ ।' अजरबैजानको युद्धबन्दीसम्बन्धी राज्य आयोगले जारी गरेको विज्ञप्तिमा भनिएको छ।

येरेभानले हालैको झडपमा कम्तीमा ४९ जना आफ्ना सैनिकको मृत्यु भएको जनाएको छ । आर्मेनिया र अजरबैजानबीचे सीमामा भएको भिडन्तमा मंगलबार करिब सय सैनिकको मृत्यु भएको थियो भने दुवैतर्फका आक्रमणले लामो समयदेखिका प्रतिद्वन्द्वीबीच व्यापक शत्रुता भड्किने डरलाई बढावा दिएको थियो ।



अजरबैजानको एक भाग नागोर्नो-काराबाखलाई लिएर दुई देशबीच दशकौंदेखि द्वन्द्व चल्दै आएको छ तर सन् १९९४ मा पृथकतावादी युद्ध अन्त्य भएयता आर्मेनियासमर्थित जातीय अर्मेनियाली सेनाको नियन्त्रणमा छ।

अजरबैजानले सन् २०२० मा छ हजार ६ सयभन्दा बढी मानिसको ज्यान जाने गरी भएको छ सातासम्म चलेको युद्धमा नागोर्नो-काराबाखको विशाल भूभाग पुनः प्राप्त गरेको थियो ।

# पुनः छायांकनमा आर्यन र उपासनाको 'डिसेम्बर फल्स'

**राजधानी समाचारदाता**
काठमाडौं

गत वर्ष कोरोना महामारीको कारण छायांकन रोकिएको चलचित्र 'डिसेम्वर फल्स' को छायांकन पुनः सुरु भएको छ । यो चलचित्रको यतीबेला काठमाडौंमा छायांकन भइरहेको यसका निर्देशक प्रवीण झाले बताएका छन् ।

पहिलो लकडाउन खुलेपछि छायांकन थालिएको यो चलचित्र छायांकन दोस्रोपटकको निषेधाज्ञाले प्रभावित भएको थियो । बाँकी छायांकन पुनः सुचारु गरिएको पनि निर्देशक झाले जानकारी गराएका छन् ।

चलचित्रको नाम डिसेम्बर फल्स राखिएका कारण पनि यो चलचित्र आगामी डिसेम्बर महिनामा दर्शकमाझ आउनेछ । कार्यकारी निर्माता लक्ष्मण रिजालले आफूहरू डिसेम्बर महिनाभित्र चलचित्र प्रदर्शन गर्ने लक्ष्यका साथ कार्यरत रहेको बताए ।



यो चलचित्रको मुख्य भूमिकामा आर्यन सिग्देल र उपासना सिंह ठकुरी रहेका छन् । यसै साता मात्र अर्को चलचित्र 'सायरा'मा अनुबन्धित भएका आर्यनले डिसेम्बर फल्सको काम सकेर मात्र सायराको छायांकन सुरु गर्ने बताएका छन् ।

रामप्रसाद रिजालको प्रस्तुति रहेको चलचित्रको कार्यकारी निर्माता लक्ष्मण रिजाल छन् । राजकुमार भट्ट निर्माता रहेको चलचित्रमा आर्यन र उपासनाका साथमा सुमन थापा रोहित, सलोन बस्नेत, नरेश भट्टराईलगायतका कलाकारको अभिनय रहनेछ ।

बीपीका खनालको कथा, केदार भुसालको पटकथा र संवाद रहेको चलचित्रको अधिकांश दृश्य पोखरामा आसपासमा खिचिएको छ । छायांकन सुरु हुना साथ युट्युब र अस्ट्रेलिया राइट एजुकेसन एन्ड माइग्रेसन कर्नरले किनिसकेको चलचित्रको हल वितरण भने श्रीराम बलाजी फिल्मसका सुनिल मानन्धरले गर्नेछन् ।

प्रेमकथाका साथमा चलचित्रमा वास्तविक घटनालाई उठान गरिएको बताइएको छ ।

CENTURY BANK सेञ्चुरी बैंक

**निक्षेप उपर हकदाबी सम्बन्धी ३५ दिने सूचना**

प्रकाशित मितिः–२०७९/०५/३०

श्री बद्रीनाथ बास्तोलाको नाति, केदारनाथ बास्तोलाको छोरा, सुनसरी जिल्ला धरान उप.म.न.पा.वडा नं.०१ बस्ने श्री रामनाथ बास्तोलाको नाममा यस बैंकको धरान शाखामा ०१३००००००३SP खाता सञ्चालनमा रहेकोमा निज खातावालाको मिति बि.सं.२०७८/१२/१८ गते मृत्यु भएकोले मृतकको हकवाला छोरा-नाती नाताको रविन्द्रनाथ बास्तोला, रोशाननाथ बास्तोला, राकेशनाथ बास्तोलाले उक्त निक्षेप उपर आफ्नो हक कायम गरी उल्लेखित खाता बन्द गरी उक्त खातामा रहेको रकम पाऊँ भनि मिति २०७९/०५/२२ मा आवश्यक कागजात सहित यस बैंकको धरान शाखा कार्यालयमा निवेदन दिनु भएको हुँदा निज मृतक खातावालाको नाममा यस बैंकमा रहेको निक्षेपमा निवेदक बाहेक अन्य कोहि कसैको हकदाबी लाग्ने भएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकार हकवालाले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो सबुत प्रमाण सहित यस बैंकको शाखा कार्यालय धरान,सुनसरी मा हकदाबी गर्न आउनु होला । सो म्यादभित्र हकदाबी गर्न नआएमा **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा** १११ बमोजिम निवेदकको नाममा हक कायम भै जानेछ र पछि कोही कसैको कुनै उजुर लाग्ने छैन भनि सम्बन्धीत सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**सेञ्चुरी कमर्सियल बैंक लिमिटेड**
केन्द्रीय कार्यालयः पुतलीसडक, काठमाण्डौं । फोनः ४४४५०६२ । फ्याक्सः ४४४१४२२
शाखाकार्यालयः धरान । फोन : ०२५-५३५२१३
वेवः www.centurybank.com.np I ईमेलः welcome@centurybank.com.np

**आवश्यकता** (प्रथम पटक प्रकाशित मिति २०७९।०५।३०)

मध्य भोटेकोशी जलविद्युत कम्पनि लिमिटेड अन्तर्गत रहेको मध्य भोटेकोशी जलविद्युत आयोजना (१०२ मेगावाट) को लागि तपसिलमा उल्लेखित पदहरुमा इच्छुकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र आवदेन दिनुहुन अनुरोध छ।

| सि.नं. | पद | संख्या | योग्यता | अनुभव |
|---|---|---|---|---|
| १. | Engineer | 2 | BE | १. सम्बन्धित काममा कम्तीमा ५ बर्षको अनुभव भएको। |
| २. | Technician | 10 | General Education | १. सम्बन्धित काममा कम्तीमा ४ बर्षको अनुभव भएको। |
| ३. | Site Technician | 6 | General Education | १. सम्बन्धित काममा कम्तीमा ४ बर्षको अनुभव भएको। |
| ४. | Tunnel Technician | 6 | General Education | १. सम्बन्धित काममा कम्तीमा ४ बर्षको अनुभव भएको। |
| ५. | Civil Technician | 3 | General Education | १. सम्बन्धित काममा कम्तीमा ४ बर्षको अनुभव भएको। |
| ६. | Mechanical Technician | 2 | General Education | १. सम्बन्धित काममा कम्तीमा ४ बर्षको अनुभव भएको। |
| ७. | Electrical Technician | 2 | General Education | १. सम्बन्धित काममा कम्तीमा ४ बर्षको अनुभव भएको। |

**गर्नुपर्ने कामको विवरणः** आयोजनाको आवश्यकता अनुसार हुने।
**काम गर्नुपर्ने क्षेत्र तथा स्थानः** आयोजना स्थल **कार्यरत रहने अवधिः** १ वर्ष
**तलव स्केलः** आपसी सहमतिमा
Note: Having Knowledge of Chinese & English language will be highly preferable
**सम्पर्क ठेगानाः** १) **China Energy Engineering Group Guangxi Hydroelectric Construction Bureau**
महाराजगंञ्ज, काठमाण्डौ
आयोजना स्थल : चाकु बजार, सिन्धुपाल्चोक। इमेल ठेगानाः ghcbmbkhep@sina.com

**एभरेष्ट बैंक लिमिटेड पुल्चोक शाखाको हकदाबी सम्बन्धी अत्यन्त जरुरी सूचना**

यस बैंकको पुल्चोक शाखाको बचत खाता नं ०१२००५०१२०९८१० का खातावाला डडेलधुरा जिल्ला, अमरगढी नगरपालिका वडा नं. ६ स्थायी ठेगाना रहेको बिरेन्द्र भाटको मिति २०७९।०३।१३ गते निधन भएको हुँदा निज मृतक खातावालाको बुवा टेक बहादुर भाटले उक्त मृतकको खातामा रहेको निक्षेप रकम दिलाई पाऊँ भनी यस बैंकको पुल्चोक शाखामा निवेदन दिएकोले उपरोक्तानुसारको निवेदक बाहेक बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम अन्य कोही अग्राधिकारवाला हकदारहरुको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र आफ्नो सबुत प्रमाण सहित हक दावी गर्न आउनु होला। अन्यथा उक्त रकम निवेदकलाई भुक्तानी भई जानेछ। रित नपुगी र म्याद नाघी आएको निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा अवगत गराउँदै सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

एभरेष्ट बैंक लिमिटेड
EVEREST BANK LIMITED
(A joint-Venture with punjab national bank India)
पुल्चोक शाखा
फोन नंः ०१-५५४५७३८
०१-५५४५७३९
*Consistent, Strong & Dependable*

**Invitation for Bids**

*Government of Karnali Province*
*Ministry Of Social Development*
***Province Health Logistics Management Centre***
*Birendranagar Surkhet*
*Invitation for electronic Bids*
Date of first publication: 2079.05.30
Invitation for Bids No: PHLMC/KP/G/NCB-2/2079/80

1. The ***Province Health Logistcs Management Centre surkhet*** invites ***electronic*** bids from eligible bidders for the Procurement of Albendazole Chewable Tablets 400 mg under National competitive bidding – Single Stage Two Envelope procedures.
2. Under the Single Stage, Two Envelope Procedure, Bidders are required to submit simultaneously two separate sealed envelopes, one containing (i) the Technical Bid and the other (ii) the Price Bid, both in turn enclosed in one sealed envelope as per the provision of ITB 23 of the Bidding Document.
3. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Province Health Logistics Management Centre, Birendranagar Surkhet, Ph, 083-490708, Email-phlmcsurkhet@gmail.com or may visit PPMO eGP system www.bolpatra.gov.np/egp.
4. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit the cost of bidding document in the following Rajaswa (revenue) account as specified below.

**Information to deposit the cost of bidding document in Bank:**

| | | |
|---|---|---|
| Name of the Bank: | Rastriya Banijya Bank Surkhet | |
| Name of Office: | **Province Health Logistics Management Centre Surkhet** | |
| Office Code no. : | 3500068026 | |
| Office Account no.: | 1000100201010006 | |
| Rajaswa (revenue) Shirshak no. | 14229 | Fee: NPR 3000/- |

5. Pre-bid meeting shall be held at **Province Health Logistic Management Centre Birendranagar Surkhet** at 12:00 PM, **2079.06.14**
6. Electronic bids must be submitted to the office Province Health Logistics Management Centre karnali Province Surkhet through PPMO's e-GP system www.bolpatra.gov.np/egp on or before ***12:00 PM*** on 2079.06.30 Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 ***PM (Local Time)*** 2079.06.30 at the office of Province Health Logistics Management Centre karnali Province Surkhet Bids must be valid for a period of 120 from the date of bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs.***2,30,000***/- which shall be valid for 30 days beyond the validity period of the bid i.e. BS 2079.11.1, in AD (February 13, 2023)
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid and bid security shall remain the same as specified for the original last date of bid submission.
9. In the case of discrepancies or error in bid documents, bid notice or any other document, purchaser reserve the right to amend and correct at any time.

सुन–चाँदी



| | |
|---|---|
| छापावाल प्रतितोला | - रू. ९२,८००/- |
| तेजाबी प्रतितोला | - रू. ९२,३००/- |
| चाँदी प्रतितोला | - रू. १,१७५/- |

## शनिबार नर्भिकद्वारा बृहत् निःशुल्क स्वास्थ्य शिविर




**काठमाडौं /रास–** थापाथलीस्थित नर्भिक इन्टर नेसनल हस्पिटलले बृहत् स्वास्थ्य शिविर आयोजना गर्ने भएको छ। अस्पतालले आगामी असोज १ गते शनिबारका दिन काठमाडौंको कमलपोखरीस्थित अग्रवाल भवनमा वृहत र निःशुल्क स्वास्थ्य शिविर आयोजना गर्न लागेको हो।

बिहान ९:३० बजेदेखि १:३० बजेसम्म सञ्चालन हुने स्वास्थ्य शिविरमा मुटुरोग, स्त्री तथा प्रसूति, ग्यास्ट्रिक, हाडजोर्नी र जनरल फिजिसियन सम्बन्धी विशेषज्ञ सेवा निःशुल्क पाइनेछ। अस्पतालका अनुसार शिविरमा इसीजी, सुगर, भाइटल्सलगायतका निःशुल्क परामर्श सेवा समेत उपलब्ध हुनेछ। अस्पतालले वृहत निःशुल्क स्वास्थ्य शिविरमा सहभागी हुन चाहनेका लागि अग्रिम नाम दर्ताको व्यवस्था समेत गरेको छ।

## रासायनिक मल कारखाना स्थापना प्रतिवेदन सार्वजनिक

**काठमाडौं /रास–** प्रधानमन्त्री शेरबहादुर देउबाले सार्वजनिक-निजी साझेदारीमा कार्यान्वयन गरिने प्राविधिक र आर्थिक दृष्टिले सम्भाव्य लगानीयोग्य परियोजनाहरूको संग्रहको सूची सार्वजनिक गरेका छन्। लगानी बोर्डद्वारा आयोजित दिगो पूर्वाधार लगानी फोरम उद्घाटनका क्रममा प्रधानमन्त्रीले लगानीकर्ता सहजीकरणका लागि तयार पारिएको वन स्टप सर्भिस डिजिटल सिस्टमको पनि शुभारम्भ गरे। उक्त डिजिटल प्लेटफर्ममार्फत् लगानीकर्ताले लगानीका विषयमा जानकारी तथा जिज्ञासा राख्न सक्ने र लगानी सहजीकरणसँग सम्बन्धित सबै निकायहरू आबद्ध भई शीघ्र र प्रभावकारी सेवा प्रदान गर्नेछन्।




उद्घाटन सत्रका अवसरमा प्रधानमन्त्री देउवाले नेपालमा रासायनिक मल कारखाना स्थापनाका लागि लगानी बोर्डद्वारा तयार पारिएको इस्टाब्लिसिङ अ फर्टिलाइजर प्लान्ट इन नेपाल अध्ययन प्रतिवेदन सार्वजनिक गरे। उक्त अध्ययन प्रतिवेदनमा इलेक्ट्रोलाइसिस र प्राकृतिक ग्यासबाट मल कारखाना सञ्चालनको तुलनात्मक अध्ययन प्रस्तुत गरिएको छ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्दै सम्माननीय प्रधानमन्त्रीज्यूले लगानी बोर्डको कार्यालयले लगानी आकर्षण र सहजीकरणका लागि परिपक्व भूमिका निर्वाह गरेको भन्दै धन्यवाद व्यक्त गरे। उनले नेपालले सन् २०४५ सम्म शून्य कार्बन उत्सर्जनको लक्ष्य प्राप्तिका लागि साध्य र साधन तयार हुनुपर्ने बताउँदै यस उद्देश्य प्राप्तिका लागि सहयोग बढाउन विकास साझेदारहरूलाई आह्वान गरे।

लगानी बोर्डको कार्यालयको लगानी प्रवर्द्धनको मुख्य उद्देश्यसहित स्वदेश र विदेशमा यस्ता प्रवर्द्धनात्मक कार्यक्रमहरू, रोड सो, परियोजना सो केसिङ, लगानी सम्मेलन आयोजना गर्दै आएको छ।

## सेन्चुरी र एनपीआई नारायणी सामुदायिक अस्पतालबीच सम्झौता




**काठमाडौं /रास–** सेन्चुरी कमर्सियल बैंक लिमिटेड नारायणगढ शाखा, लायन्स चोक र भरतपुर-१० स्थित एनपीआई नारायणी सामुदायिक अस्पताल लिमिटेड तथा सिराइचुली होटलबीच बैंकको ग्राहकलाई विशेष छुट प्रदान गर्ने समझदारी भएको छ।

बैंकको डेबिट कार्ड र क्रेडिट कार्डवाहक, मोबाइल बैंकिङ प्रयोगकर्ता, सम्पूर्ण ग्राहकवर्ग तथा बैंकका कर्मचारीलाई एनपीआई नारायणी सामुदायिक अस्पताल लिमिटेड, नारायणगढ तथा सिराइचुली होटल, नारायणगढमा छुट प्रदान गर्नेगरी सम्झौता भएको छ। एनपीआई नारायणी सामुदायिक अस्पतालले लिने विभिन्न सेवा (ओपीडी, फार्मेसी, सीटी स्क्यानबाहेक) शुल्कमा १० प्रतिशत छुट प्रदान गर्नेगरी सम्झौता भएको छ। उक्त सम्झौतापत्रमा बैंकका तर्फबाट नारायणगढ शाखा प्रमुख भेषराज खड्का र एनपीआई नारायणी सामुदायिक अस्पताल लिमिटेडका तर्फबाट अस्पतालका सञ्चालक विष्णु कुँवरले हस्ताक्षर गरे।

साथै, भरतपुर-१०, स्थित सिराइचुली होटलमा फुड एन्ड बेभरेजमा १० प्रतिशत र एकोमोडेसन शुल्कमा २५ प्रतिशत छुट प्रदान गर्नेगरी सम्झौता भएको छ। उक्त सम्झौतापत्रमा बैंकका तर्फबाट नारायणगढ शाखाका प्रमुख भेषराज खड्काज्यू र सिराइचुली होटलका तर्फबाट रिसोर्टका सञ्चालक विष्णु घिमिरेले हस्ताक्षर गरे। सेन्चुरी कमर्सियल बैंक लिमिटेडले चितवन जिल्लामा ६ वटा शाखा- नारायणगढ लायन्सचोक, बेलचोक, टाँडी, भण्डारा, पदमपुर र पटिहानीबाट वित्तीय सेवा प्रदान गर्दै आएको छ। बैंकले कुल १ सय ४७ शाखा, १० एक्सटेन्सन काउन्टर, २४ शाखारहित बैंकिङ र १ सय १५ वटा एटीएममार्फत वित्तीय सेवा प्रदान गर्दै आएको छ।

## बेस्ट फाइनान्सको १७औं शाखा वीरगन्जमा



**काठमाडौं /रास–** कमलादी काठमाडौंमा प्रधान कार्यालय रहेको बेस्ट फाइनान्स कम्पनी लिमिटेडले आफ्नो १७औं शाखा सञ्चालनमा ल्याएको छ। मधेस प्रदेशको पहिलो शाखाका रूपमा वीरगन्जको घण्टाघर लिंकरोडमा फाइनान्सले १७औं शाखा सञ्चालनमा ल्याई वित्तीय कारोबारको शुभारम्भ गरेको हो। वीरगन्ज महानगरपालिकाका मेयर राजेशमान सिंह तथा संस्थाका अध्यक्ष खिमलाल पौडेलले संयुक्त रूपमा उक्त शाखा कार्यालयको उद्घाटन गरेका हुन्। शाखा उद्घाटन कार्यक्रममा वीरगन्जका प्रतिष्ठित व्यापारी, व्यवसायी, उद्योगीलगायत समाजका अगुवा तथा समाजसेवीको उपस्थितिमा रहेको थियो।

यही आसोजभित्र १८औं शाखाको रूपमा सुनसरी जिल्लाको इटहरीमा शाखा खोलिनुका साथै निकट भविष्यमा सुर्खेत र धनगढीमा समेत शाखा सञ्जाल विस्तार गरी देशको सातै प्रदेशमा आफ्नो शाखा सञ्जाल पुर्याउने फाइनान्सले जनाएको छ।

साथै, आउँदा दिनमा देशका विभिन्न स्थानमा आवश्यकता र मागबमोजिम शाखा खोल्दै लगिने संस्थाको लक्ष्य रहेको बताइएको छ।


## मलेशियामा रोजगारीको अवसर

**1. APM ALUMINIUM CASTINGS SDN BHD**

Pre Approval Date: 2022/09/14 | चलानी नं.: ६०१८७६४७ | LOT No. 271718

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | factory worker | 20 | 0 | 1500 | 42764 | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | २ वर्ष |

**अन्तरवार्ता मिति र स्थान**

**मिति २०७९/०६/०६ (22 Sep 2022), अक्सफोर्ड इन्टरनेशनल प्रालि, ललितपुर(कुसुन्ती हाइट, एकान्तकुना)**

| स्वदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गरिने मेडिकल खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बीमा कस्ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र प्रिमियर कसले व्यहोर्ने | कामदारलाई हवाई टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कसले व्यहोर्ने | भिषा स्ट्याम्पी शुल्क कसले व्यहोर्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | शेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगादाताले व्यहोर्ने | रोजगादाताले व्यहोर्ने | रोजगादाताले व्यहोर्ने | बीम हुने/प्रिमियम रोजगारदाताले तिर्ने | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले दिने | निःशुल्क |

**बैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला। बुझाएको रकमको भरपाई अनिवार्य रुपमा लिनुहोला। २) आफु काम गर्न जाने मूलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला। आफु कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४) विदेश जानुअघि अभिमुखिकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला। ५) विदेश जानुअघि आफु जाने मूलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौता पत्र मा हस्ताक्षर गर्नुहोला। सोको १ (एक) प्रति आफुसँग सुरक्षित राख्नुहोला। ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ। ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरे श्रम तथा रोजगार प्रर्वद्धन विभाग, बुद्धनगरमा सम्पर्क राख्नुहोला।

– छनौट भई भिषा प्राप्त भै सकेको व्यक्तिहरु रोजगारमा जान नचाहेमा भीषा बापतको शुल्क क्षतिपूर्ति दिनुपर्नेछ।

**अक्सफोर्ड इन्टरनेशनल प्रा.लि.**

ललितपुर (कसुन्ती हाइट, एकान्तकुना)
फोन : ५४५५५३१, ५४५५६८३, ५४५५९८३ फ्याक्स : ०१ ५४५५७९४
मोवाईल नं.: ९८०२०८१७७७, ९८५१०५३७३७, ९८०२०७५२२२, ९८०२०७६२२२, ९८५१०३४९०१
श्रम इजाजत नं.: ९१०/०६७/६८
International



## आवश्यकता

(प्रथम पटक प्रकाशित मिति २०७९।०५।३०)

बेनीघाट रोराङ गाउँपालिका, वडा नं २ तल्ती, धादिङ जिल्ला स्थित निर्माण हुन गईरहेको सिमेन्ट उद्योगको लागि निम्न संख्यामा प्राविधक तथा दक्ष कामदारहरुको आवश्यकता परेको हुँदा इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र उल्लेखित ठेगानामा आवदेन दिनुहुन अनुरोध छ।

| सि.नं. | पद | संख्या | योग्यता | अनुभव |
|---|---|---|---|---|
| १. | Deputy Head of Technology & Production Department | 1 | Intermediate | १) कम्तीमा सम्वन्धित काममा ५ बर्षको अनुभव भएको। २) चिनियाँ तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको। |
| २. | Electrical Technician | 2 | Senior High School | १) कम्तीमा सम्वन्धित काममा ५ बर्षको अनुभव भएको। २) चिनियाँ तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको। |
| ३. | GM Assistant (Production Technology) | 1 | Diploma | १) कम्तीमा सम्वन्धित काममा ५ बर्षको अनुभव भएको। २) चिनियाँ तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको। |
| ४. | Head of Clinker Burning Workshop | 1 | Diploma | १) कम्तीमा सम्वन्धित काममा ८ बर्षको अनुभव भएको। २) चिनियाँ तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको। |
| ५. | Head of Grinding Workshop | 1 | Diploma | १) कम्तीमा सम्वन्धित काममा ८ बर्षको अनुभव भएको। २) चिनियाँ तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको। |
| ६. | Head of Raw Material Workshop | 1 | Diploma | १) कम्तीमा सम्वन्धित काममा ४ बर्षको अनुभव भएको। २) चिनियाँ तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको। |
| ७. | Head of Waste Heat Power Generation Workshop | 1 | Diploma | १) कम्तीमा सम्वन्धित काममा ३ बर्षको अनुभव भएको। २) चिनियाँ तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको। |
| ८. | IT and Automation Engineer | 1 | Diploma | १) कम्तीमा सम्वन्धित काममा ९ बर्षको अनुभव भएको। २) चिनियाँ तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको। |
| ९. | Logistics Supervisor | 1 | Senior High School | १) कम्तीमा सम्वन्धित काममा ६ बर्षको अनुभव भएको। २) चिनियाँ तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको। |
| १०. | Mechanical Maintenance Engineer | 1 | Diploma | १) कम्तीमा सम्वन्धित काममा १० बर्षको अनुभव भएको। २) चिनियाँ तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको। |
| ११. | Mechanical Technician | 2 | Senior High School | १) कम्तीमा सम्वन्धित काममा ४ बर्षको अनुभव भएको। २) चिनियाँ तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको। |
| १२. | Process Engineer | 1 | College Degree | १) कम्तीमा सम्वन्धित काममा ६ बर्षको अनुभव भएको। २) चिनियाँ तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको। |
| १३. | Proportioning Engineer | 1 | Senior High School | १) कम्तीमा सम्वन्धित काममा ३ बर्षको अनुभव भएको। २) चिनियाँ तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको। |
| १४. | Quality Dispatcher | 1 | Senior High School | १) कम्तीमा सम्वन्धित काममा ६ बर्षको अनुभव भएको। २) चिनियाँ तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको। |
| १५. | Senior Electrical Technician | 1 | Diploma | १) कम्तीमा सम्वन्धित काममा ९ बर्षको अनुभव भएको। २) चिनियाँ तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको। |
| १६. | Shift Leader | 1 | College Degree | १) कम्तीमा सम्वन्धित काममा ५ बर्षको अनुभव भएको। २) चिनियाँ तथा अङ्ग्रेजी भाषामा राम्रो ज्ञान भएको। |

**काम गर्नुपर्ने क्षेत्र तथा स्थान:** उधोग निर्माण स्थल  **कार्यरत रहने अवधि:** १ वर्ष
**तलव स्केल:** आपसी सहमतिमा  **संलग्न कागजातहरु:** सम्बन्धित कागजातहरु
**सम्पर्क ठेगाना : १) ह्वासिन सिमेन्ट नारायणी प्रा. लि.**
वडा नं. ३२, अनामनगर, काठमाण्डौ, नेपाल
वडा नं २,बेनीघाट रोराङ गाउँपालिका, तल्ती, धादिङ
Email: hncement@gmail.com
Contact: +977. 9851231447 / 9841380014



## मलेशिया र कतारमा रोजगारी

**1. PERSYS SURFACE TECHNOLOGY SDN BHD**

Pre Approval Date: 2022/09/14 | Challani No. 60187649 | LOT No. 271774 | City: NA

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलब RM | मासिक तलब ने.रु. | कामदारको न्यूनतम योग्यता | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाने सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Manufacturing Worker | 10 | 0 | 1500 | 42764 | सम्बन्धित काममा दक्ष | कम्पनीको नियमानुसार | ८ घण्टा | ६ दिन | कम्पनीको नियमानुसार | छैन | छ | २ वर्ष |

**2. ALASMAKH FACILITIES MANAGEMENT COMPANY** पुनःविज्ञापन

